
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ५०

वर्ष १३, अंक १ | बुद्ध सम्वत् २५६९ | ने.सं. ११४५ बछला थ्व | वि.सं. २०८२ वैशाख २९ स्वाँया पुन्हि



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु
म धर्मको शरणमा जान्छु
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ

# अर्हत

त्रैमासिक

वर्ष १२ अङ्क १ | बुद्ध सम्वत् २५६९ | नेसं ११४५ बछला थ्व
वि.सं. २०८२ वैशाख २९ गते स्वाँया पुन्हि

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

सम्पादक/प्रकाशक
उद्धव सुजखु

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
सुबोध कुमार साह

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०/-



## यसभित्र

| | | |
|---|---|---|
| बुद्धको शान्ति सन्देश | भिक्षु अश्वघोष | ३ |
| सबैभन्दा बढी दोषारोपित समाज सुधारक | भिक्षु निग्रोध | ५ |
| ल:या खैं | चित्तधर हृदय | ७ |
| अग्रश्रावक-धातुयात्रा | रत्नसुन्दर शाक्य | ११ |
| The Sacred Relies | L.Jayawardance | १४ |
| अम्बेडकर किन बौद्ध धर्मावलम्बी भए ? | राजन फाँजु | १६ |
| शारीरिक रोगमा मानसिक प्रभाव | प्रा.मदनरत्न मानन्धर | २० |
| बौद्ध मन्दिरको आन्दोलन | तीर्थराज बज्राचार्य | २२ |
| बुद्धलाई कसरी बुझ्ने ? | सुरेश परियार | २४ |
| भिक्षु अश्वघोष प्रति एक स्मुति | न्हुछेरत्न बुद्धाचार्य | ३१ |
| बौद्ध सम्बन्धी थाहापाई राख्नुपर्ने ज्ञान | न्हुछेरत्न बुद्धाचार्य | ३२ |

# सम्पादकीय

आज वैशाख पूर्णिमाको दिन बुद्धको जन्म, बुद्धत्व प्राप्त र महापरिनिर्वाण प्राप्त गरेको दिन भएकोले आजको दिनलाई त्रिसंयोगयुक्त पवित्र दिन मानिएको छ। आजको यस्तो पवित्र दिनमा बुद्धका उपदेश र शिक्षालाई रचनात्मक रूपमा व्यवहारमा लागु गर्न सिकौं, रुढीवादी, परम्परावादी, अन्धविश्वासी बाटोलाई त्यागौं। बुद्धको मध्यमार्गी धारलाई अपनाउन सिकौं। यही भावनालाई आत्मसात गर्दै वर्तमान विश्वको निम्ति बुद्धको शिक्षा झन् अपरिहार्य भएको अनुभव बौद्ध दर्शन अध्ययन समाजले गर्दै आएको हो। यही सिलसिलामा 'अर्हत्' त्रैमासिक साहित्यक पत्रिका प्रकाशन हुँदै आएको छ।

अर्हत् त्रैमासिक १३ औं वर्षमा प्रवेश भएकोमा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता सङ्घसंस्था र शुभचिन्तकहरूप्रति बौद्ध दर्शन अध्ययन समाज हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यहाँहरूकै साथ र सहयोगले अर्हत्ले निरन्तरता पाएको विश्वास दिलाउन चाहन्छौं।

हामीले सुन्दै आएको सुन्दर उक्ति मानव सेवा नै धर्म हो तर, आज धर्म धर्मराएको अवस्थामा छ। जनसमुदायको बुद्धिलाई दिग्भ्रमित पार्न र जनसमुदायलाई मानसिक बन्धनमा जेलेर राख्नका लागि धार्मिक सङ्घसंस्थाहरू मानव विकासको इतिहासकै कालक्रममा देखा परेका हुन्। धर्म जनताको लागि अफिम हो, जनताको मस्तिष्कलाई बेहोस पार्ने हत्याराहरूको साधन बनेका उदाहरणहरू समाजमा देखा परेका छन्। सन् १९४७ मा छिमेकी देश भारत स्वतन्त्र हुँदाको बेला धर्मकै नाउँमा मानव जातिको हत्या भएको थियो। एउटै राष्ट्र पाकिस्तान धर्मकै नाउँमा पूर्वमा बङ्गलादेश र पश्चिममा पाकिस्तान भई टुक्रिएको थियो। हिन्दू धर्म मान्नेहरूको बाहुल्य भएको पूर्वी पाकिस्तान अर्थात् बङ्गलादेशमा पुग्न पश्चिम पाकिस्तानबाट रेलमा गुडिरहेका हिन्दूहरूलाई मुश्लीम धर्म मान्नेहरूको गाउँ बस्तीमा पुग्दा मारकाट गरी हिंसामा उत्रे। त्यस्तै मुश्लिम धर्म मान्नेहरू बाहुल्यता भएको पश्चिमी पाकिस्तानमा जानका लागि पूर्वबाट गुडिरहेका रेलमा हिन्दूहरूको बस्तीमा पुग्दा ती-मुश्लिमहरूलाई अन्धाधुन्ध रूपमा आक्रमण गरी नृशंस हत्या गरिएको थियो। आ-आफ्नो गन्तव्यस्थलमा पुग्दा रेलका डिब्बाहरू रगतको आहाल बने। ती डिब्बाहरू लासै-लासले भरिएको पाइयो। विपरीत धर्मका मानिसहरू बस्ने बस्तीहरूमा हिन्दूले मुश्लिम र मुश्लिमले हिन्दूको बस्तीमा आगो लगाए। बस्ती खरानीमा परिवर्तन भयो, कति त जलेरै मरे। नरहत्याको सिलसिला नै चलिरह्यो।

धार्मिक रुढिवाद र अन्धविश्वासको कारणले ठाउँठाउँमा एक धर्म र अर्को धर्म मान्ने बिच झै-झगडा, धर्म-युद्ध भएका घटनाहरूको इतिहास साक्षी छ। हाम्रै देश नेपालमा पनि केही वर्षअगाडि नेपालगञ्जमा होस् या भर्खरै वीरगञ्जमा भएको हनुमान जयन्तीको यात्रामा किन नहोस् हिन्दू र मुश्लिमबीच ढुङ्गा-मुढा, लाठी-मुङ्ग्रा प्रयोग गरी ती क्षेत्र अशान्त बनाए, कर्फ्युसमेत लगाउन त्यहाँको प्रशासन बाध्य भए।

छिमेकी भारतमा हाबी भइराखेको धर्मको नाउँमा फासीवादी शासकहरूको अभ्यासको हावाले हाम्रो देश नेपाललाई पनि गिजोलेको प्रस्टै देखिन्छ। प्राय: व्यक्ति, समाज र मुलुकमा शान्तिले प्रश्रय नपाउनुको मूल कारण बुद्धले भन्नुभएजस्तै कलुषित भावना, क्लेश, राग, द्वेष र मोह हुन्।

आजभन्दा २५५० वर्षभन्दा पहिले बुद्धले दिएको पञ्चशीलको शिक्षा आजको २१ औं शताब्दीमा पनि उत्तिकै सान्दर्भिक, मननयोग्य र समय सापेक्ष छ। विश्वको सबै ठाउँमा अनि सबैले बुद्धको उक्त शिक्षालाई पालन गर्ने हो भने कहीं पनि झै-झगडा, कलह, लडाईं, भ्रष्टाचार, मानव बेचबिखन, लागुपदार्थको सेवन आदि नकारात्मक कार्यले स्थान पाउने थिएन। पञ्चशीलले मानिसलाई सदाचारमा राख्ने हुनाले समाज सभ्य, सुसंस्कृत, शान्त, सुखी एवं आदर्श बनाउँछ।

*भवतु सब्ब मङ्गल*

# बुद्धको शान्ति सन्देश



✍ भिक्षु अश्वघोष

सिद्धार्थ कुमारले शान्ति खोज्नको लागि राजदरबार त्याग्नु भएको थियो । ठूलठूला महापुरुष विद्वानहरूको आश्रय लिएर शान्तिको शिक्षा हासिल गरे। तर सिद्धार्थ गौतमले चाहेको शान्तिको शिक्षा पाउनु भएन। जहाँ पनि पूर्वाग्रह र अन्धविश्वासको गन्ध देखियो । मध्यममार्ग कतै देखिएन । सिद्धार्थ गौतमले सन्तोष जनक ज्ञान प्राप्त गर्न सकेन। पर्याप्त खाना नखाइकन तपस्या गरेर हेरे । तर शरीर सुकाउने बाहेक शान्तिको सन्देश पाउनु भएन ।

आखिर बुद्धगयाको पिपलको रुखमुनि प्रकृतिको आश्रयमा स्वतन्त्र चिन्तनले आनापान सति-साँस भित्र गयो बाहिर आयोमा ध्यान लगाएर आफूलाई चिन्न प्रयत्न गरे, अन्तरमुखी भएर ध्यान मग्न हुँदा संसारको यथार्थतालाई बुझ्न थाले । संसारमा दु:ख छ, दु:खको कारण छ, जत्ति भए पनि नपुग्ने असन्तुष्ट भाव अर्को भाषामा भनुँ भने तृष्णाले गर्दा दु:ख भइरहेको छ । तृष्णाको क्षय बिना दु:ख नाश हुनै सक्तैन र चित्त शुद्ध हुनु पर्ने रहेछ। कुसंस्कार, नराम्रो मनोप्रवृत्ति रहुञ्जेल शान्तिको स्थापना असम्भव छ । वहाँले विचार गर्नु भयो दु:खलाई नाश गर्न सकिन्छ तर दु:ख नाश हुने बाटो हुनु पर्यो । बाटो पनि फेला पार्नु भयो आर्य अष्टाङ्गिक मार्ग, मध्यममार्ग । मध्यममार्गको आठ खुडकिलो छ। सम्यक् दृष्टि (ठीक समझदारी), सम्यक् संकल्प (ठीक सोचाइ) र नियत राम्रो हुनु,) सम्यक वचन, (ठीक बोलि वचन), सम्यक् कर्मान्त निर्दोषपूर्वक काम गर्नु, सम्यक आजीव (जीविका शुद्ध हुनु (निस्वार्थ जीवन) अर्थात सेवा मूलक जीवन । सम्यक् प्रयत्न (धेरै मेहनत पनि नगर्ने, अल्छि पनि नहुनु) । सम्यक् स्मृति (सधैं सजग र सतर्क हुनु,) दरवारको द्वारपाल जस्तो सतर्क भइरहनु,) सम्यक समाधि (ठीक एकाग्रता,) मुसा मारेर खाने बिरालो जस्तो एकाग्रता होइन ।

आर्य अष्टाङ्गिक मार्गमा मुख्य कुरो दृष्टि शुद्ध हुनु हो। मतलब सही ढंगले बुझ्नु। दृष्टि नाङ्गो भएको खण्डमा अरु सातैवटा खुड्किलो भ्रष्ट हुनेछ। सारा जीवन बरबाद हुनेछ अनि दु:खै दु:ख हुन्छ । अंगुलिमाल प्रति गुरुको

दृष्टि बाङ्गो भएकोले ज्यानमारा बने ।

गौतम बुद्धले चार आर्यसत्यको खूब ध्यान दिएर अध्ययन गर्नु भयो । खूब अभ्यास गर्नु भयो तैपनि ज्ञान र शान्ति पाउनु भएन । वहाँले विचार गर्नु भयो -अध्ययन र अभ्यास मात्र गरेर पुग्दैन रहेछ । मनको क्लेश, कुसंस्कार, अहंकार, मिथ्यादृष्टि (अन्धविश्वास) आदि त्याग्नु पर्दो रहेछ भन्ने बुझे । वहाँले आफूमा रहेको कुसंस्कारलाई त्यागिदिनु भयो ।

अनि सिद्धार्थ गौतमलाई शुद्ध शान्तिको अनुभव भयो । आत्मबोध भयो, मतलव बुद्धत्व प्राप्त गर्नु भयो । पहिले नभएको आँखा भयो, ज्ञान भयो, प्रज्ञा भयो, विद्या भयो र जहाँ देखे पनि उज्यालो देख्न थाले । कारण पत्ता लाग्न थाल्यो ।

आफूले प्राप्त गरेको मध्यममार्ग ज्ञान प्रचार गर्नु तयार भएर विचार गर्नु भयो साधारण मानिसहरूले बुझ्ने हो कि होइन । मानिसहरू त अतिमार्गमा लागेका छन् । एक वर्ग विलासी र सुविधामुखी छन् भने अर्को एक थरी पेट भरी खाना नपाएर संकष्टमय जीवन बिताइ रहेका छन् । मध्यम मार्ग सुविधामुखी सौखिनहरूलाई र दुःखीहरूलाई काम लाग्दैन । उनीहरूलाई पचने खालको छैन । आर्यअष्टाङ्गिकमार्ग र चार आर्य सत्य अति गम्भीर रहेछ । बुझ्नै गाह्रो छ । आफूले प्राप्त गरेको ज्ञान गम्भीर भएकोले प्रचार नगर्ने भनेर निराश हुनु भयो ।

एकछिन पछि आफूलाई आफैले अर्ति दिन थाल्यो-तिमी सिद्धार्थ राजकुमार हुँदा के विचार गरेर कस्तो कल्पना गरेर दरवार छोडेर आयौ, शान्तिको बाटो खोज्न भनेर घर त्यागेर आयौ अब बोध भएर, शान्ति प्राप्त गरेर पलायन हुन लागेको ? सबै मूर्ख होइन बुझ्यौ ? यसरी विचार गरेर पंच भद्र वर्ग आफूसँगै तपस्या गरिरहेको अनि बुद्धि भएका हुन् भनेर उनीहरूलाई आफूले प्राप्त गरेको ज्ञान प्रचार गर्न शुरु गरे । उनीहरूलाई मध्यम मार्गको ज्ञान बोध गराउनु भयो । पंच भद्र वर्गले पुरानो संस्कारलाई तिलाञ्जली गरिदिए । अनि बोध भए । धेरै सुखी जीवन र कष्टपूर्ण दुःखी जीवनबाट टाढा हुनु मतलब मध्यम मार्ग अनुशरण गर्नु, अनि शान्ति मिल्छ ।

बुद्धको शिक्षा त्यागीहरूको लागि मात्र होइन भिक्षुहरूलाई सम्बोधन गरेर उपदेश दिनु भएकोले धेरै विद्वानहरूले पनि के ठान्छन् भने बुद्धको उपदेश भिक्षुहरूलाई मात्र हो । यो गलत सोचाइ हो । गलत समझदारी हो । आज सारा समाज चाहे धार्मिक होस् चाहे राजनीतिक जीवन होस् सबैजसो मध्यममार्गबाट टाढिदै गएका छन् । बुद्धको मध्यममार्गलाई सबैले राम्रो छ भन्छन् तर त्यस अनुसार व्यवहार चाहिं देखिदैन । यो दुर्भाग्यको कुरो हो ।

बुद्ध संवत् २५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछ ।



**सुगतराज शाक्य एण्ड सन्स**

इनाचो टोल, भक्तपुर-७

*सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।*

# सबैभन्दा बढी दोषारोपित समाज सुधारक-भगवान् बुद्ध

✍ भिक्षु निग्रोध

राष्ट्रको सेवा गर्दा, सामाजिक सेवामा सक्रिय हुँदा निन्दा नगरिएका कोही छैनन् । साथै देशको जनता, समाज, धर्ममा, सबै ठाउँमा सामाजिक सेवाको विरोध गर्ने त्यत्तिकै समूह हुन्छन् । कोही कोहीले समाज सेवाको दुरुपयोग गरेका छन् भने कसै कसैले जनताको सेवाको लागि धेरै कुरा गुमाएका पनि छन् । यो स्वभाविक हो कि सामाजिक सेवा र सुधार गर्दा थुप्रै विरोधीहरू निस्कन्छन् । धेरै जसो देशमा परम्परागत रुढीवादी कुरितिहरू अन्धविश्वास रितिरिवाज र चलनले बाधा अड्चन र समस्या खडा गरेकै हुन्छ । प्रगतिशील समाजसेवीहरूले ती बाधा अड्चनलाई शान्तिसँग संघर्ष गर्ने र चुनौति दिने गर्छन् । कोही कोही समाजसेवीदेखि असन्तुष्ट हुन्छन् । तर थुप्रै त्यस्ता समाजसेवीहरू पनि छन् जसले धेरै देशमा कुरितिहरू हटाई सुधार गरेका पनि छन् । भगवान् बुद्धले त्यो बेलाको व्यापक रुढिवादी कुसंस्कारहरू विरुद्ध क्रान्तिकारी परिवर्तन लिएर आउनुभयो । उहाँले अहिंसा, दया, मैत्री, करुणाबाट थालनी गरी आत्मसंयम धैर्यताका साथ आफ्नो जीवनलाई सुरक्षित गर्नुभयो । जब उहाँ अरु धर्मगुरुहरूको विरुद्धमा उभिनुभयो उहाँ धेरै प्रख्यात हुनुभयो । धेरै संख्यामा अनुयायीहरूको वृद्धि भएबाट त्यत्तिकै सङ्ख्यामा विरोधीहरू पनि बढ्दै गए । भगवान् बुद्ध गाउँ, निगम, बजार, शहरमा कहिले एक्लै कहिले समूहसँग हिँड्नु हुन्थ्यो । उहाँलाई कहिले सुरक्षाकर्मी चाहिएन । भगवान् बुद्धको महान् गुणले नै उहाँको सुरक्षा गर्थ्यो । प्राचीन जम्बुद्वीपको थुप्रै राजा रजौटाहरूमध्ये शाक्य वंशको पनि गौरवशाली राज्य थियो । त्यस वंशमा जन्मेका राजकुमार सन्यासी भएको, एक्लै बाटोमा भिक्षाचरण गर्दै हिँडेको, राजसी सुख वैभव त्यागेको, चक्रवर्ती भाग्य र राज सुख त्यागेर गृहत्याग गरेको एक जमातलाई मन परेको थिएन । कोही कोही व्यक्ति यस्तो उच्च राजपरिवारबाट झरेर साधारण केही नभएको जस्तो भएकोमा असन्तुष्ट थिए ।

अन्य धर्मगुरुहरू जो पहिला निकै प्रसिद्ध थिए र थुप्रै तिनका भक्तजनहरू पनि थिए । उनीहरूको आम सत्कार खाने बाटो बुद्धले खोस्न आए भन्दै असाध्यै निन्दा र दोषारोपण गर्दथे । धेरै ब्राह्मणलाई जाति प्रथा विरुद्ध बुद्धले मानवताको कुरा गरेको मन परेको थिएन । त्यसैले देवदत्त र उसको सहयोगी राजकुमार अजातशत्रुले समेत बुद्धलाई शत्रुता गरेका थिए । त्यसबेलाका शक्तिशाली

मानिसहरूले विरोध गर्दै रोक्दा पनि बुद्ध समाजसेवामा लागिरहे । फलस्वरुप उनलाई ढुङ्गा प्रहार गरेर मार्ने प्रयास गरियो, धनुर्धारीहरूले वाणको निसाना बनाउन खोजे, मत्ता हात्तीबाट कुल्चाउन खोजियो । उनीहरूले बुद्धलाई बदनाम र नोक्सानी पुऱ्याउन सुन्दरी पारिव्राजिका र चिञ्चामानविका महिलाहरू पठाएर हदैसम्मका षडयन्त्र गरे । बुद्धले हत्यागरेको भनी दोष लगाए । यसरी असन्तुष्ट विरोधी पक्षले बुद्धलाई सिध्याउन योजना बुनी क्रमबद्ध ढङ्गले थुप्रै आक्रमणका प्रयास गरे । एक ब्राह्मणले बुद्धलाई सिधै गाली र दोष दिँदै 'तँ वृषल, अछुत र मुण्डक हो । समाज भड्काउने भरौटे', भन्दै गाली गरे । बुद्ध कति पनि विचलित हुनुभएन । उहाँले यी शत्रुता गर्ने अज्ञानीहरूलाई पनि आफ्नो छोरा राहुल सरह नै असीम करुणा राख्नुभयो ।

कसैले गाली, दोषारोपण, निन्दा, बदनाम गरेर दु:ख दिएतापनि भगवान् बुद्धसदा संयमित रहनुभयो । जटिल परिस्थितिमा पनि स्थान र देश छोडेर जानुभएन । जस्तो सुकै अप्ठ्यारो परिस्थितिलाई पनि सामना गर्नुभयो । उहाँले प्रलोभनको बाटो कहिल्यै पनि लिनु भएन । झन् समाजसेवामा नडराई नबिराई लाग्नुभयो । आफ्नो विरोधिहरूलाई कहिल्यै बदला भावले व्यवहार गर्नुभएन । उहाँको मैत्री करुणाको शक्तिले विरोधीहरूले नै हृदय परिवर्तन गरी उहाँकोमा आकर्षित हुन्थे । त्यो उहाँको महानतम् गुण हो । देवदत्तले बुद्धसँग जन्मजात अस्वस्थ प्रतिस्पर्धा गरी, दोष भावना राखी, बदला लिने, घात गर्ने जीवनपर्यन्त प्रयास गरे पनि बुद्धले उसलाई क्षमा नै दिनुभयो । आजकल सामाजिक सेवा राज्य सत्तामा बसेका नेताहरूले जतिसुकै तनाव विरोध भएतापनि बुद्धको यो महान् गुणको अनुकरण गर्न योग्य छ । सामाजिक सेवा र जनसेवामा लागिरहेकाहरूलाई निन्दा र मन नपराउनु स्वभाविक नै हो । त्यसरी दोष लाग्यो भनेर सामाजिक सेवा, स्वयम् सेवा गर्न छाडेमा त्यो सच्चा समाज सुधारक बन्न सक्दैन । समाज र मानिसको सेवा गर्दा दोष थुपारिन्छ, आक्षेप लगाइन्छ भने भगवान् बुद्धलाई सम्झनु जरुरी छ । उहाँको बाटो अपनाउनु आवश्यक छ । बौद्धहरूले आफूलाई कसैले निन्दा चर्चा गर्छ भने भगवान् बुद्धको घटनालाई सम्झी सहनशीलताका साथ अगाडि बढ्नु पर्दछ ।





२५६९ औं बुद्ध जयन्ती स्वाँया पुन्हीको सुखद् उपलक्ष्यमा समस्त महानुभाव एवं शुभेच्छुकजनमा सुख, शान्ति, समृद्धि तथा सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना ।

**गणेश ज्यास: पस:**

फोन नं. ६६१०६०१ (बालाखु) ६६११६४४ (साकोठा), ६६१५८२८ (सुकुलढोका) भक्तपुर

सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।

# ल:या खँ



✍ चित्तधर हृदय

संघया अधिठान याना: च्वन विहारे फुक मुना: -
“थुगु स्वला स्थिर वास याय् धात्थें ध्व आरामे च्वना:”
उख्यर ज्यापुतस्यं सिन्हाज्या याय्त ल: ध: स्व: जुल,
वा मगा: निगुलिं सुना: च्वन रोहिणी खुसिया जल ।
शाक्यतय्सं स्वे व ल: फुक माल न्हापां अमित निं
म्वालि कोलियतयत जक छाय् अमिगु ज्या नं ल्यं दनि ।
धाल अमिसं “थुलि लखं वा पी सिधैमखु निख्यरयां
जिमिगु निं पी जिमित आपा म्वा: छधा: ल: दय्‌व गा:”
शाक्यतय्सं धाल तंम्वेका: “छुखेँ बी छिमित निं,
छिमि कुथी जक अन्न जाय्‌का, रत्न लुँ वह: पुल्य छुनिं !
फय्‌त म्ह्‌य व दाला ज्वना: फोग्गिंत थे फ: वे मफु
जिमित नं गा: ल: छधालं म्वाक आपा काय् मखु ।”
बिल लिस: कोलियतस्यं नं “छिमित न्हापा बी छुखें ?”
शाक्यतय्सं लंच्व थँसुया: म्हूचिना: ल्हा: क्यन “ध्व खेँ !”
धाल कोलिय ज्यापुतय्सं ल्हा:पचिं न्याय्‌का: छ्थु -
“अय् जिमिक्य नं बल दु ल्हाते छिमित न्हापा बी मखु”

छिमित बीमखु” “छिमित बीमखु” “का छिमित बी हे मखु”
“अय् छु याय्‌फु, मग्या: जिपिं नं प्राण वंसां बी मखु”
“न्ह्योन्य च्वन्यमत्य च्वं हुँ कोह्नित बैसिमाय् भङ्ग:त थें
छिमित दाया: याय्‌गु छाय् अपवित्र जिमि ल्हा: सित्तिकं”
शाक्यतय् थुगु वाक्य ताय्‌वं मिछुवल कोलियतय् अति
अमिगु लप्पा खात थर थर धाल ब:स्वाना: तुति -
“अय् छिपिं थ:थिति मधा:पिं नीच ननिग्वङ्ग: तस्यं
सीगु भिं सलिखे क्वब्वाना: दक्व दाक्व छुसि निस्यं”

शाक्यतय्सं धाल-“छु धया: ? छिमिगु थौं आ: बल पका:
आस्य आस्य हिनू ममास्यं छिमित गन लित छुवे धका”
बिल लिस: कोलियतस्यं नं “म्वा:गु हाला च्वन्य मत्य
नीच शाक्यत आ:बले तुं बिसिहुँ सीमत्य सित्तिके”
थुगु प्रकारं लाक्व म्हुंतु ल्हाल्हां जुया: घाराघुरु
न्ह्योन्य च्वंपिं युवकतय्सं वात ल्हा: पारापुरु ।
ल्यूँन्य ला:पिं वा न्ह्यया: च्वन “धुंकिरे छम्ह छम्ह ज्वना:”
छम्ह निम्हेसित भ्वाक्क छुवानं वात कक्कु ज्वना: ज्वना: ।
गुलिसिनं भ्वाप्लांक वांछुवत गुलिसितं खुसिया लखे,
गुलिसिनं कथि ल:म्हुया: चा:चा: हिला: च्वन उख्य थुख्य ।
तायदु “च्वा च्वा” धा:गु स:या नाप लाक्मं च्वा:गु नं,
छम्ह निम्हेस्यां ल्हा: ल्ह्वना: “अय् म्वाल वा वा” धा:गु नं ।

ल्याय्‌म्ह ल्याय्‌म्हत भं दुब्वांवन ध्वात्तु ध्वांध्वां मो छुयछुयं
उग्र हुं हुंकार याना: खुसि समुद्रं वनिगु थें ।
शाक्य कोलिय ल्येत थाकुल तस्तकं अन मोजुया:

शीघ्र व उपस्थानशालां राजभवने ब्वां वना:
यात थुगु प्रस्ताव अमिसं "अन्न मनस्यं म्वाय् छुकीं"
ल: मदयूकं अन्न सैमखु ल्वायूगु श्रेय खनी उकीं
अमिगु ध्व खैं सम्पूर्ण न्यन उम्ह धीर वीर प्रजापतिं
खचि विचा: याना: लिपा वं थ:गु न्यंकल सम्मति-

धन्य न्हां छिकिपिनिगु निर्णय, जू जुनं वीरोचित,
किन्तु सुं नायो मदयूकं विजय ज्वीगु अनिश्चित
मा: उकीं छम्ह समरसचिव व योग्य सेनाध्यक्ष नं"
"ख:" धका निम्ह योग्यपिं ल्यल, माक्व बिल अधिकार नं
युद्धमन्त्रीयागु आज्ञां वन अपिं थ: थ: गृहे,
युद्ध ज्वीगु सिया: छको ख्वल मिस्त छ्यैं छ्यैं ब्याक्क हे।
पलख लिपते धैर्य याना: वीर क्षत्राणीपिसं
वीर सज्जां यात सज्जित वीरतयूत छसिनिस्यं।
मांपिसं प्वीकल नँमुखलं, कवच फिकल ततापिसं,
रत्न जिगिजिगि थीगु चुपिथल चिकल जैं भगिनीपिसं।
छुं मयास्यं सुंक च्वनि गय् अमि: कला:पिं हे जक।
जवगु ब्वहले तूण घाकल खवगुली दृढ कार्मुक,
ख्वबि हुहुं अमि ल्यूँन्य अमिसं घायूत घाकल चर्म नं
खड्ग ल:ल्हायूमफुत अमिसं मस्यु छु हार्दिक कारणं।
धन व तन मनयागु छु खैं ल:ल्हायूफु अमिसं प्राण नं
किन्तु गयगय् थौं अपिं असमर्थ चुपि छपु बीत नं।
पुलुक प्रियया ख्वा: छको स्वै ज:गु खंया धा: छको
तैगु अमिसं मस्यु छु शंकां क्वच्छुना: भसुका: छको।
अमि अवस्था मांपिसं खन भाव ब्वीकल हृदयया
स्नेह हायूका: सान्त्वना बिल अमिगु ब्वहले ल्हा: तया:-

"वीरतय् म्हयायूमचा हानं वीरतय् भौमचा छिपिं
जुयानं थय् मिजंतयूत याय् त्यना हीन गय् चुपिं।
अभिमन्यु महायुद्धे छ्वव:गु लुमंकि उत्तरां
अस्त्र शस्त्र बिया: अय् हे मेघनाद सुलोचनां।
थ: न्ह्योन्य अथवा ल्यून्य न्ह्याथाय् ज्वी थव्यु थ:पति
मङ्गल कामना याना: म्वाना: च्वनिम्ह ख: सती।

भ्कं उकीसं द्यो सँहा:हू धाल ल्वाल्वां हे छुयाय्
न्ह्योन्य ला:ला:पिन्त दाया: च्वन मिखां खं गन तमं
"अयूजि! अयूजि!" गर्न धया: च्वन, "जुक्कि जुक्कि" गर्न गर्न।
छम्हथ्य छम्ह बल्ला: अपिं फुक ल्वापु छ्यों वै अन सुनां
ल्वापु ख्यूँका: नं जुया: च्वन च्वीक च्वीक थुनां थुनां।
समय स्यूपिं छम्ह निम्हेस्यां ल्वापु ज्यनि मखना: अन
ब्वांवना: थ: थ:गु नगरे कृषिविभागे कं वन।
कृषि सचिवतयूसं वना: तल थुगु खँ मन्त्रीमण्डले,
छक्वलं क्रोधाग्नि छ्वल अन थुगु खँ अमिसं न्यंबले।
अमिक्य दुगु आत्माभिमानं जुल अपिं उत्तेजित,
बल पराक्रमयागु गर्व भ्कं अपिं जुल गर्वित।
अमि न्यता: ह्याउँस्य च्वना: बल दासि व: थें अमिगु हि
न्हातिका क्यू क्यू कुना: अमि ख्यूँगु नं व मिया कुँ ज्वी।
अन मि ज्वाला थें थिना: च्वन अमि मिखाया पिलिपिलि
वाकुछित अमिसं मि न्या: थे शब्द वेका: किटिटिटि।
स्थिर जुया: च्वन्य मफुत सुं अन शूरतां गसुलिं सुया:,
धाल बल दुगु ल्हा: ल्ह्वना: छम्हस्यां दना: तितिं न्हुया: -

"सीमा: सीमा: छ्रन्हु भ्की सकलें कारण भ्की बूपिं
शंका मदु छुं निश्चय हानं ब्वीतिनि न्हां सीपिं
केवल सीमखु तोता: वंसा निर्मल कीर्ति छता
काय्मत्य खुसि थें न्ह्याना: वनिगू जीवनया ममता।
वन्यनु वन्यनु भ्कीनं ल्वा: वन्यनू नाना शस्त्र ज्वना:
शत्रुत स्याना: वे बा ख्याना: विक्रम भ्कीगु क्यना:।
किरात अर्जुन अबले ल्वात फा छम्हस्या निंतिं
भ्की जक शत्रुं लाय् लाय् ब्वीका: गय् च्वन्य आ: शान्तिं।
तिलोत्तमा निंतिं सित ल्वाना: सुन्द व उपसुन्द,
मान प्रतिष्ठा तयूया निंतिं तोत्यनु आनन्द।
घोर महारण रामं यात सीता लित काय्त
नयाय् छुखैं भ्कीसं संग्राम सकस्यां न्हाय् तयूत ?" (जाति २६)
"याय् अवश्य" धका समर्थन यात छम्हस्यां अन दना:
मेम्हस्यां नं यात अनुमोदन "नु ल्वाय् थत्थें वना:"
ल्वायूगु निश्चय ज्वीव सकलें दन महामन्त्री दना:

तय्मलो छ्मिसं मोह प्रेम-वस्त्रस पोचिनाः,
प्रेम खः भाःतया निंतिं स्वाय्गु हे ख्वबिधाः त्वनाः ।
मुंकाःति लिपतय्यात सिल्यमाः ख्वबिधाः लुनाः
भाःतपिं वैबले ल्याहाँ रिपु-हि भ्याःगु खं ज्वनाः" (अनुष्टुप)
माजुपिनि थुगु छाःगु खं उत्साह अमि जायाः वल,
शीघ्र थः थः भाःतपिन्त व खड्ग अमिसं ज्वंकल ।
भिलिक असिया तेज नापं पिलिक कन अमिसं मिखा
धाःगुला 'यदि बः मगाःसा यंकि जिमिगु तना' धका
मांपिसं सिन्हलं तिकाः जय-कामनां बिल धौसगं,
"शीघ्र ल्याहाँ वा" धका भगिनीपिसं बिल गोसगं,
बिल ख्वला गृहिणीपिसं नं जोगु ह्याँउगु अधरया,
वीरपानं वीर-हृदये शौर्य बल भिंदुगं वयाः
व्याक्क वीरत चुपिलुनाः थःथःगु छ्यं प्याहाँ वल,
मार्ग नापं ध्वक्क भेरीं मालकोश पुयाः हल ।
रे, प, तोताः षडज, मध्यम, नि, ध,ग ब्याकं कोमल
तायदु "समगममधनिससनिधनिधमगम" जक केवल ।
उगु सलं दे न्यंक आयुध कवच न्याय्काः भननन
वीर रस प्याखं हुयाः च्वन घनरवं म्हय्खा सम ।
वैगु पा थें थी गसू, चुपि, पा, मुगः, ई भल भल,
न्ह्योन्य चिं दुगु ध्वाँय् ब्वयाः च्वन कलिक सं थें फरफर ।
छख्यर सलया ताय् दु हीं हीं मेख्य किसिया गर्जन
थुख्यर धू ब्वःसा सुपाय् थे उख्यर मद हायाः च्वन ।
सलत ग्वालिं च्वाःगुलिं प्याखं हुयाः च्वन सकभनं
ताल बिल उकियात किसितय् गं व भिलिमिलि भ्वापनं ।
तायदु न्हाय्पं ध्वक्क रथया न्ह्याःगु घच्चाः घर घर
ब्वःगु ध्वाँय् नं देशया याकाः निरिक्षण फर फर ।
थित उकीसं भं रथीतय् रत्न तिलहिल पिलिपिलि
ग्याःगुलिं उख्य थुख्य ब्वयाःजुल सो विहंगम गुलिगुलि ।
बीर पादातिकत भो भो युद्धबाजंया सले
नाप नापं पालि बःस्वानाः वयाः च्वन न्यंक लें ।
खं लुनाः छेंगू ज्वनाः वःपिं,
परशु पाछायाः गुलिं वःपिं, गुलिं खूना ज्वना, गुलिं नमुगः ल्ह्वनाः ।

जःगु धाः दुगु जाः ज्वनाः वःपिं, गुलिं काकः ज्वनाः ।
गुलिसिनं ग्वारःमुसः व च्वका चुलागु गसू ज्वनाः ।

लःम्हुयाः वःपिं गुलिं न्हू पाँय् बियागु नत्याः चुपि,
गुलिसिनं जःजःगु तःकू छ्यों फुसे चाःहवीकुपिं ।
धनुषया टंकार नापं तायदु हुंहुंकार नं,
शर प्रहारं याय् धका थ विश्वया संहार नं ।
जुल अमिगु उगु सिंहनादं चित्त भं उत्साहित,
भीरुतय् मन ज्वीक भूकम्पं धरा थें कम्पित ।
थुगु प्रकारं ल्वाय्गु निंतिं बाहुबलया बः क्याः
भय मकास्यं उखुनु चान्हे हे पुरं प्याहाँ वयाः
वं कन्हे खुनु सूर्य ल्वी न्ह्यो धाःगु थे 'वे धुन जिपिं
स्वाय्गु आशा ब्याक तोताः सावधान जु आः छिपिं"
शंख ध्वाँय् ध्वाँय् ध्वक न्याय्काः रोहिनी खुसिया सिथे
वल अपिं निथ्वलं निगूत्वा निख्यर माघं मुनिगु थें ।
शीघ्र शीघ्रं शिविर दय्कल छिंक खुसिया तीरस,
युद्ध याय्त अपिं दनाः च्वन ब्याक्क ब्यूहाकारस ।
उख्यरयापिं चरत थुख्य वल, थुख्यरयापिं वन उख्य,
अन स्वयंसेवकत निर्भय चाःहुला च्वन उख्य थुख्य ।
युद्धकौशल क्यन्यत तत्पर निख्यरयां योद्धा दल
धीर सेनापति स्वयाः आज्ञा पियाः च्वन केवल ।
देह दिगि दिगि खाःगु आवेशं गपाय्चो सो अमि,
सो न्यताले सीदु धो धो वान्हययाः च्वन थें अमि ।

अमिगु ह्याँउगु न्हाय्पने सो रत्नकुण्डल या छवि
लूगु थें च्वं तेज पिकयाः अमि प्रताप महारवि ।
अमि मिखां सो तुंक स्वःगु विपक्ष दलया सैन्यस
अर्जुनं गय् द्रोण गुरुजुं क्योंम्ह भंगः स्वःगु खः ।
यात शरसंधान धन्वी वीरतय्सं धनुषस
शीघ्रतां ल्हाः जःपिसं ल्हातं छको पिल खड्गस ।
पा, मुगः वाय् सःपिसं नं पा, मुग चाः हवीकल,
"स्वाय्नु पाल्यनु" धाय्त थें अमि म्हुतुसि संसो फरफर ।
बीर सेनानीपिसं सेना हथाय् अति चाः खनाः

“का नित्वा:ल्हा फक्व” धायूत्यन समय सीका: ल्हा: ल्ह्वना।
सूर्यया नापं अज्याथाय् शान्ति-रश्मि ह्वला: ह्वला:
लूगु खन काषाय वेष्ठित शाक्यऋषि मुसुहूं न्हिला: ।
ल्वाय्गु आज्ञा बीगु लोमन अन व सेनाध्यक्षतय्,
लात योधातय्गु नं फुक पूर्ण ध्यान तथागते ।
शस्त्र तोता: यात अमिसं वंदना श्रद्धा तया:,
सर्व द्रष्टां सीक सीकं न्यन “ध्व छिमि विग्रह छुया ?”
वैगु ख्वा: वं वैगु ख्वा: वं स्वत लिस: मदया: छतां,
पलख लिपते अन खँ ल्हाल्हां ध्यन अपिं निष्कर्षताय्
“मेगु मखु छुं कलह कारण, ल्वापु ल:या खैं जक”
न्यन जिनेन्द्रं - “वीरपिं ! ल:यागु मू गुलि वंगु ख: ?

धाल अमिसं - “न्ह्या:गु ल:या मू छुया छत्ति मवं”
“धीर क्षत्रिय वीरतय् अल्य ?” न्यन न्हिला: मुनिपुङ्गवं ।
गर्व पूर्वक धाल अमिसं “वीरतय् मू तय्मफु”
लोकनाथं अमित अमिगु खँहे लिप्वीका: बिल लिपू-
“अय् जुस्यंलि व माक्व सित्ति लागु: ल:या कारणे
गय् अमूल्य अमूल्य वीरत फुक्य त्यना थुलि मछि रणे ?”
ज्वीत थुगु खं छुं प्रभावित जुल अपिं निश्चय अन,
धाल अयूनं छम्ह निम्हेस्यां- “ख: खजा ध्व खँ हे जिन !
किन्तु जगते म्वाय्त नय्मा:, वामसय्कं नय्गु छु ?
ल: बिना छुं अन्न सैमखु, गय् मल्वाय् उपदेश ब्यु”
अमित सुगतं धर्म युक्तगु दिव्यवाणी न्यंकल -
“धर्म यायूत अवश्य म्वाय्मा:, म्वाय्गु साधन ख: ध्व ल:
बच्छि बच्छि इना: क्या: छिमि गाक्क निं वा पीगु या”
थुलि धया: हानं छको उपदेश बिल वं शान्तिया -
“अर्थ धर्मया निंतिं छु छुमा: सम्यक रूपं थ्वीका:
छिमिसं शान्ति पूर्ण उपायं याय्मा: प्रयत्न सीका:
छाय् धा:सा वाणं त्याकापिं वेफु दनानं हानं
परम् गुपिं शान्ति त्याकापिं अकृतिम मित्र सदानं ।
उकीं वीरपिं ! आश्रय मविस्यं दुष्ट भावनायात
शान्ति मार्गया ल्यू ल्यू वन्यमा: यश सुख नित्तां काय्त

कारण न्हित्थं ल्वा जक ल्वाना: सित्तिं मेपिं नाप
धर्म न दै छुं अथवा सुख हे केवल मनया ताप” (२८मात्रा)
थुगु प्रकारं धर्म न्यंका: ल्वापु ज्यंका: वा पिका:
मुनि बिज्यात अनं लिहाँ न्यग्रोध नामगु वाटिकाय् ।
अन च्वना: उगु ला स्वला तक शाक्यतय्त कथा कँ कं
कपिलपुर हे शून्य याना: भिक्षु छुत परिनायकं ।
उगु समयया उगु नगरया शाक्यप महानाम नं
शाक्यकुल हे ध्वंस ज्वीका: भिक्षु छुवी धुंका: अनं
भिक्षुगणया नाप नापं वैत नं ल्यू ल्यू ब्वना:
चा:हुहुं विश्राम का:वन सुगत श्रावस्ती वना:।
(सुगत-सौरभ महाकाव्यया ल:या खैं
नामगु फिंखुगूगु सर्ग सिधल ।
**ने० सं० ६५ साल होलीपुन्हीं)**


विश्व शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी अविभावक तथा शिक्षक शिक्षिकाहरूमा सु-स्वास्थ दीर्घायु तथा उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

पाराग्न एकेडेमी
सेकेण्डरी बोर्डिङ्ग स्कूल
कमलबिनायक-१०, भक्तपुर, फोन नं. ०१-६६७३६०, ६६१३७७५

# अग्रश्रावक-धातुयात्रा



✍ रत्नसुन्दर शाक्य

झण्डै एक शताब्दि (सन् १८५१-१९४७) सम्म विदेशिएकै भारतका महान् विभूति सारिपुत्र र मौद्गल्यायान महास्थविरको अस्थिधातु जुन अलेंकजेण्डर कनिघमले लन्दन पुऱ्याएको थियो। दोस्रो विश्वयुध्द शुरूहुनु अगाडि सन् १९३८ मैं भारतमा फर्काउन "महाबोधि-सभा" का प्रधानमन्त्री देवप्रिय बलि सिन्हा (सन् १९०४-६८) ले प्रयास शुरु गर्नु भएको थियो तर सम्पूर्ण कुरा ब्रिटिश सरकारको स्वीकृति समेत पक्कापक्कीमात्र भएको थियो, सन् १९३९ देखि विश्वयुध्द शुरू भइहाल्यो। अत: युध्दकाल (सन् १९३९-४५) सम्म पवित्र धातु भारत फर्काउने कुरा बाध्यतावश रोक्नुपऱ्यो । विश्वयुध्द सकिनासाथ "महाबोधिसभा" का संस्थापक अनगारिका धर्मपाल (सन् १८६४-१९३३) का एक प्रमुख सम्बन्धित दया हेवावितारण सन् १९४७ को जनवरी महिनामा लन्दन पुग्नुभयो र २० फरवरी १९४७ का दिन त्यस अस्थिधातु भारत सरकार र महाबोधिसभाको तर्फबाट वहाँले ग्रहण गर्नुभएको थियो ।

त्यस अस्थिधातु लिई वहाँ (म्बथब ज्भधबखष्तबचलभ) १४ मार्च १९४७ का दिन कोलम्बो (श्रीलंका) आइपुग्नु भएको थियो । श्रीलंकामा त्यस अग्रश्रावक-धातु ६ जनवरी १९४८ सम्म रहेको थियो । त्यस समयावधि भित्रमा प्राय: सम्पूर्ण श्रद्धावान् सिंहलवासीहरूले त्यस धातुको दर्शन गरेका थिए । धातु आगमनको बेला जुन रूपले भव्यताका साथ स्वागत गरेको थियो, त्यस्तै किसिमले ६ जनवरी १९४८ का दिन भारतको निमित्त धातुको विदाइ भएको बेलामा पनि भव्य रुपमा उत्सव सम्पन गरेको थियो ।

१३ जनवरी १९४८ का दिन भगवान् बुद्धका दुई प्रधान शिष्य सारिपुत्र र महामौद्गल्यायनको अस्थिधातु-लाई भारतभूमिले स्वागत गर्न पाइयो। त्यस दिनदेखि १९ मार्चसम्म ती धातु कलकत्ताको कलेज स्क्वायरस्थित महाबोधिसभाका प्रधान कार्यालयको रूपमा रहेको "धर्मराजिक विहार" मा विशेषत: कलकत्तावासी श्रद्धावान्हरूको निम्ति दर्शानार्थ राखिएको थियो । त्यस पवित्र धातुलाई पं. जवाहरलाल नेहरूले त्यही विहारमा दर्शन गर्न आउनुभएको थियो ।

२० मार्च १९४९ देखि त्यस धातु विहारसरकारको आग्रहमा विहार प्रदेशमा ल्याइयो । पहिले राजगृहमा केही दिन राखेपछि विहार प्रदेशको राजधानी पटनामा भएको स्वागतसमारोहमा विहारसरकारका तत्कालीन प्रधानमन्त्रीले भन्नुभएको थियो ।

"२५०० वर्ष के बाद सारिपुत्र और मौद्गल्यायनके पवित्र धातुओंका गृह-प्रत्यावर्तन इस प्रान्त के लिए विशेष रूपले अभिमान की बस्तु है, क्योंकि यह विहार (नालान्दा) के ही दो सुपुत्रों के धातु हैं, जिन्होने अपने 'धर्म' के

प्रकाश से संसारभरको प्रकाशित किया।"

कार्तिकपूर्णिमाको रात सारिपुत्र महास्थविरको परिनिर्वाणको रात थियो, त्यस्तै कार्तिक पूर्णिमा आधुनिक युगमा तथागतको प्रथम धर्म चक्रप्रवर्तनभूमि ऋषिपतन मृगदावन (सारनाथ) मा बनिएको "मूलगन्धकुटी विहार" को स्थापना (उद्घाटन) दिवसको दिन पनि थियो अत: यस दिनको अवसर लिई तथागतका अग्रश्रावक द्वयको अस्थिधातुको स्वागत भव्य रूपमा सम्पन्न गरेको थियो। यसको निमित्त उत्तर-प्रदेश सरकारले धेरै मदत गरेको थियो । ३ नवेम्बरदेखि १४ नवेम्बर १९४९ सम्म ती धातु सारनाथमा दर्शन एवं पूजाको निमित्त रह्यो ।

सन् १९५० मा अग्रश्रावकका अस्थिधातुले प्रमुखत: ३ राज्यमा यात्रा गरेका थिए-

१) बर्मा सरकारको निमन्त्रणामा ४ फरवरी १९५० का दिन) बर्मा लगिएको थियो, यसको निमित स्वतन्त्र बर्मा (४ जनवरी १९४८ का दिन पहिलो प्रधानमन्त्री ऊ. थाकिं नु धातु अंगीकार गर्न रंगूनबाट (हवाई जहाजद्वारा) कलकत्ता ल्याइपुग्नुभएको थियो। "तीर" नामक जहाजबाट रंगून लागिएको अग्रश्रावकको अस्थिधातुलाई बर्मी सरकार एवं जनताले राम्रोसँग स्वागत गरेको थियो। त्यस अस्थिधातु बर्मामा साढे दुई महिनासम्म बर्मेलीहरूलाई दर्शनार्थ राखिएको थियो।

२) बर्मा सरकारको निमन्त्रणपछि दोस्रो निमन्त्रण भारतको आसामराज्य (प्रदेश) को बौद्धहरूमा विशेषत: आसामबौद्धसभा (र्बी ब्ककक थगममजष्कत ब्ककयअष्बतय्यल) को पूर्ण योग्य व्यवस्था अन्तर्गत आसाम लगिएको थियो।

३) तेस्रो निमन्त्रण काश्मीरस्थित लद्दाखका बौद्धहरूको आमन्त्रणमा २६ मई १९५० का दिन लेह (भिज) मा लगिएको थियो जहाँ त्यस धातु २४ अगस्त १९५० सम्म दर्शनार्थ राखिएको थियो। त्यसबेला ती धातुलाई बीचमा अवस्थित श्रीनगर र दिल्लीमा पनि राजकीयरूपमा स्वागतकार्य सम्पन्न गरेको थियो।

सन् १९५१ मा विशेषत: दुइवटा राज्यमा अग्रश्रावक धातुले यात्रा गरिएको थियो-

१) तिब्बत र सिक्किमराज्यका प्रमुख एवं लामा गुरुहरूको निमन्त्रणमा २५ फरवरी १९५१ मा धातु त्यसतर्फ पुऱ्याएको थियो, २३ अप्रिल १९५१ सम्म पवित्र धातु ती राज्यहरूमा अवस्थित थियो।

२) ६ नवम्बर १९५१ (२० कार्तिक २००१) का दिन तथागतका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविर द्वयको अस्थिधातु काठमाण्डौंको हवाई अड्डामा पुऱ्याइयो। दिनको २ बजे अस्थिधातु रहेको हवाईजहाज आकाशमा देखिएको केही क्षणपछि हवाइमैदानमा ओर्ल्यो। क्रमश: धातुका साथ आउनुभएका महाबोधिसभाका प्रतिनिधि एवं अन्य अतिथिगणहरू पनि देखापर्न थाल्यो। महाबोधिसभाका प्रतिनिधि प्रमुख भिक्षु शीलभद्र महास्थविरको हातबाट अस्थिधातु रहेको सुवर्णमय चैत्य "सारिपुत्र मोगल्लान पवित्र धातु स्वागत समिति" नेपालका सभापति हुनुभएका श्री ५ त्रिभुवन बीर विक्रम शाहदेव (वि. सं. १९६३-२०११) श्रद्धाका साथ आफ्नो हातमा अस्थिधातु चैत्य लिइबक्सियो। त्यस पवित्र धातुलाई उचित स्थानमा राखी धातुको स्वागत सलामी एवं ३१ तोपका साथ गरेको थियो। त्यसपश्चात् सुसज्जित मोटरमा राखी अभूतपूर्व यात्राका साथ साढे ३ घण्टा बिताई नारायणहिटी राजदरबारमा पुऱ्याइएको थियो, जहाँ त्यस धातुले दुई रात निवास गरेको थियो।

८ नवम्बर १९५१ का दिन "महाबोधिसभा" का प्रधानमन्त्री ब्रम्हचारी देवप्रिय बलि सिन्हा (सन् १९०४-६८) को तर्फबाट श्री ५ एवं श्री ५ बडामहारानीले पवित्र धातुको दर्शन गरिबक्सेको थियो। त्यसपछि मात्र पवित्र धातु सार्वजनिक रूपमा प्रदर्शन वा दर्शन गराउन कान्तिपुर (काठमाण्डौं) को टुंडिखेलमा निर्मित कला-पूर्ण रूपमा बनाइएको विशाल मण्डपमा ल्याइएको थियो।

त्यसदिन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको सभापतित्वमा स्वागत समारोह भएको थियो। संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर संमुख पञ्चशील प्रार्थना गरी शुरूभएको त्यस समारोहमा तत्कालीन प्रधानमन्त्री श्री ३ मोहनशम्शेर, गृहमन्त्री देवप्रिय बलि सिन्हा, धर्मोदयसभा प्रधानकेन्द्रका प्रधानमन्त्री भिक्षु महानाम, कम्बोडिया सभाका प्रतिनिधि प्रमुख भिक्षु धर्माराम स्थविर, ग्रीसका राजकुमार प्रीन्स पेटर, इङ्लैण्डका विद्वान् भिक्षु संघ

रक्षित, भारतका विद्वान् भदन्त आनन्द कौशल्यायन, तानसेनका प्रतिनिधि प्रमुख भिक्षु शाक्यानन्द, कान्तिपुरका प्रतिनिधि प्रमुख भिक्षु सुबोधानन्द र आशाराम शाक्य आदिले दुई-दुई शब्द बोल्नुभएको थियो ।

त्यस समारोहमा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला (सन् १९१४-८२) ले स्पष्ट रूपमा भन्नुभएको थियो-

भगवान् बुद्ध-धर्मको दृष्टिकोणबाट मात्र होइन राजनैतिक दृष्टिकोणबाट पनि एक महान् पुरुष हुनुहुन्छ । जुन किसिमको प्रजातन्त्रको आशा एवं आकांक्षा हामी गर्दछौं, त्यस किसिमको प्रजातन्त्र (गणतन्त्र) रहेको देश वैशालीका वहाँ (बुद्ध) सदा प्रशासक (विशेष पक्षपाती) हुनुहुन्छ । वैशाली (वज्जी वा लिच्छवी) गणतन्त्रलाई अविच्छिन्न रहिरहन जुन सात अपरिहानीय धर्मको उपदेश दिनुभएको थियो त्यो हामीले पनि अध्ययन, मनन र पालन गर्नुपर्ने अत्यावश्यक देखिन्छ..........

आशा छ, सारिपुत्र र महामौद्गल्यायन महास्थविर द्वयको पवित्र अस्थिधातुको प्रभावबाट हामी सबैमा मातृभाव एवं मैत्रीभाव वृद्धि हुनेछ ।

२३ कार्तिकदेखि एक हप्तासम्म पवित्र धातु आनन्दकुटी विहारमा दर्शनको निमित्त राखिएको थियो १ मंसिर २००८ का दिन अग्रश्रावक धातु ललितपुरबासी श्रद्धावानहरूको दर्शनार्थ ललितपुरको नागबहाल (स्वागतस्थल) मा लगियो, जहाँ ३ दिनसम्म धातुप्रदर्शनकार्य सम्पन्नभएको थियो । पहिलो दिन, तत्कालीन युवराज श्री ५ महेन्द्रवीर विक्रम शाहदेवको सभापतित्वमा स्वागत समारोह भएको थियो । त्यस दिन ललितपुर स्वागतसमितिका प्रमुख धर्मादित्य धर्माचार्य (ने. सं. १०२२-८३) ले "महाबोधिसभा" का प्रधानमन्त्री देवप्रिय बलि सिन्हालाई स्वर्णाक्षरमा अंकित "एक अभिनन्दनपत्र" चढाउनुभएको थियो ।

४ मंसिर २००८ का दिन पवित्र अस्थिधातु चैत्य सुसज्जित मोटरमा राखी पाटनबाट भक्तपुर ल्याइयो । त्यस दिन दिनको २ बजे नवनियुक्त प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको सभापतित्वमा एक वृहद् स्वागतसमारोह सम्पन्न भएको थियो । भक्तपुरको टौमढी टोल (पाँच तल्ले मन्दिरमा अवस्थित) मा सम्पन्न भएको त्यस कार्यक्रममा भक्तपुरका श्रद्धावान् महानुभावहरूले ५ मार्ग २००८ का दिन मध्यान्हसम्म धातुदर्शन गर्ने सौभाग्य पाएका थिए । दिनको १ बजे धातु बनेपा पुऱ्याइयो । बनेपामा पनि भव्यरूपमा स्वागत एवं दर्शन गराइसकेपछि बेलुकी पवित्रधातु धर्मोदयसभाको शाखाकार्यालय श्रीधः विहार कान्तिपुर ल्याइयो ।

६ मंसिर २००८ का दिन दिनभर श्रीधः विहारमा कान्तिपुरबासीहरूले पुनः धातुदर्शन गर्न पाइयो ।

७ मंसिर २००८ का दिन, मध्यान्हको २ बजे गौचरण हवाईअड्डामा आगमनका बेलामाजस्तै श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले नै पवित्र धातु चैत्य महाबोधि सभाका उपसभापति डा.माधोराम साफटको हातमा अर्पण (जिम्मा) गरिदिनु भएको थियो ।

त्यस दिन कान्तिपुरको "पवित्र धातु स्वागतसमिति" को तर्फबाट श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवले "महाबोधिसभा" लाई कृतज्ञतास्वरूप एक भव्य बुद्धमूर्ति प्रदान गरी विदाइ गर्नुभएको थियो ।

त्यस दिन धातु आगमनको दिनमा जस्तै सम्पूर्ण नेपालीहरूलाई सार्वजनिक छुट्टी (बिदा) नेपाल सरकारले दिएको थियो ।

यसको वर्ष दिनपछि २९ नवम्बर १९५२ का दिन साँचीमै, जहाँ अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरको अस्थिधातु उत्खनबाट अलेक्जेण्डर कनिंघम र वहाँको मित्र केपटन एफ. सी. मेसीले भेटाउनुभएको थियो, एक अन्तर्राष्ट्रिय संस्कृतिसम्मेलन सम्पन्न भएको थियो, जसमा तत्कालीन भारतका उप-राष्ट्रपति डा.सर्वपल्ली राधाकृष्णको सभापतित्वमा सम्मेलन सम्पन्न भएको थियो । भारतका तत्कालीन प्रधानमन्त्री पं. जवाहरलाल नेहरू, बर्माका प्रधानमन्त्री ऊ नु आदि विशिष्ट व्यक्ति एवं बौद्धविद्वानहरूले त्यस सम्मेलनमा साँचीको महत्वबारे बोल्नुभएको थियो ।

३० नवम्बर १९५३ का दिन त्यहाँ नवनिर्मित "चेतिय गिरी विहार" को समुद्घाटन पं. जवाहरलाल नेहरूको तर्फबाट सम्पन्न भयो र पवित्र अग्रश्रावक धातु त्यहाँ प्रतिष्ठित गरियो । ~~विशेषतः यसको निमित्त (पवित्र धातु)~~

# The Sacred Relies

L. Jayawardane

As was the custom among the Buddhists, the sacred relics of these great disciples of the Buddha were distributed among the followers. Later they were enshrined in dagabas and stupas so they could be worshipped and honoured.

It was only in the nineteenth century Sanchi was revived, after the arrival of the British archaeologist Alexander Cunningham. This famous Commissioner of Archaeology in British India discovered Sanchi in 1851 and wrote his book "Bhilsa Topes". Cunningham brought out the importance of this ancient city then in ruins.

Treasure-hunters made a bee-line for Sanchi. One of them, Capt. Johnson tried to dig up the stupa looking for treasure. When he tried to digup the Stupa One, the Gateway and part of the railings had collapsed. He found nothing.

One of the adventurers and treasure-hunters Capt. F.C. Maisey, discovered the sacred relics. When he excavated the stupa No.3 of Vidisagiri in Sanchi, he unearthed a large stone reliquary. On its lid were engraved the Brahmi letters "Sa" and "Ma". Inside this stone reliquary were two caskets appeared in Brahmi script of Asokan times the name of the legends "Sapurisa Sariputtassa" and "Sapurisa Maha Moggallana". Sir Alexander Cunningham examined the relics and authenticated them as being those of the Buddha's chief disciples, whom Buddhist literature speak so eloquently and fervently.

Cunningham searching ruins found the Asokan pillar was broken into three pieces by a local Zamindar and was being used as a sugarcane press. He managed to retrieve all the pieces that now lie beside the stupa. He excavated the remains of monasteries and discovered smaller stupas.

After the discovery and authentication of the body relics of Sariputta and Moggallana, the disciples of Lord Buddha, they were removed from their resting place, in Sanchi, by General Cunningham, the then Archaeological Commissioner of India, and taken to England where they were kept in the Victoria Albert Museum in London, where thousands of artifacts from the British Empire had found home.

Undoubetedly, the British Imperialists of the day had their interest in archaeological matters and they showed an interest in Sanchi for historical purposes. Following the discovery of the relics in 1851, the jungles were partly cleared and renovation work on the stupas was done, but the relics remained in London.

There was a renewed interest in Sanchi when Maha Bodhi decided that it would be

the final resting place for these relics. Although the Muslim ruler of Bhopal under whose jurisdiction Sanchi was showed interest for its renovation work, but on the Maha Bodhi Society of Sri Lanka fell the full responsibility and also the management of the Maha Bodhi built temple - the Chetiyagiri Vihara and the Ashram.


बुद्ध संवत् २५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछ ।



**शाक्य ज्वेलर्स्**

इटाछ्रे-२, भक्तपुर

*सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।*

**हार्दिक शुभकामना**

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



प्रो. धिरेन्द्रराज शाक्य
९८४१२९९९१४

मणिकराज शाक्य
९८४१६९२५१४

**डी. एम. शाक्य सुन चाँदी गहना पसल**

कमलविनायक, भक्तपुर-१०

यहाँ तयारी तथा अर्डर बमोजिम सुन चाँदीका गहनाहरू बनाइनुको साथै ग्रह तथा राशीअनुसारका पत्थर पनि पाइन्छ । साथै यहाँ नाक, कान पनि छेडिन्छ ।

**हार्दिक शुभकामना**



शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म दिनको शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बाबुकाजी रंजितकार
९८४१८८४३९२


**आशा स्टोन क्राफ्ट्**

याछैं-६, भक्तपुर

ढुङ्गाबाट बन्ने कलात्मक मूर्तिहरू तथा ढुङ्गाबाट निर्माण हुने सम्पूर्ण सामानका लागि हामीलाई सम्झनुहोस ।

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९

प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२



पुराना शैलीको पाटी पौवाका बट्टा, झ्याल, चौकोस, पलंग आदिको सार्थ काठ सम्बन्धी कार्य गरिन्छ ।

# अम्बेडकर किन बौद्ध धर्मालम्बी भए ?

✍ राजन फाँजु

समानता, तर्कसंगतता र करुणाको धर्म भएकोले डा. बी. आर. अम्बेडकरले अक्टोबर १४, १९५६ मा नागपुरमा ५,००,००० अनुयायीहरूसँग बौद्ध धर्म अँगाले । अम्बेडकरको बौद्ध धर्म परिवर्तन धेरै प्रमुख कारकहरूबाट प्रेरित थियो, जसले सामाजिक न्याय र समानताको लागि उनको जीवनभरको संघर्षलाई प्रतिबिम्बित गर्दछ । पहिलो कुरा, उनले हिन्दू धर्ममा व्याप्त जातीय भेदभाव, विशेष गरी छुवाछुत प्रथा जसबाट दलितहरूलाई गम्भीर उत्पीडनको सामना गर्नुपरेको थियो लाई अस्वीकार गरे । अम्बेडकरले हिन्दू धर्मभित्र दलितहरूको लागि वास्तविक समानता वा सम्मानको कुनै आशा देखेनन् । उनी तर्कसंगतता र नैतिक सिद्धान्तलाई जोड दिने र अन्य धर्महरूलाई प्रायः बोझ बनाउने अन्धविश्वास र कट्टरपन्थीहरूबाट मुक्त बुद्धका शिक्षाप्रति आकर्षित थिए । बौद्ध धर्म अपनाएर अम्बेडकरले दलितहरूलाई जातीय उत्पीडनको बन्धनबाट मुक्त हुन आह्वान गर्दै आत्मसम्मान र सशक्तिकरणमा आधारित नयाँ पहिचान दिने प्रयास गरे । उनको धर्म परिवर्तन केवल व्यक्तिगत आध्यात्मिक छनौट मात्र नभई सामाजिक आन्दोलनको पराकाष्ठा थियो । हिन्दू धर्मभित्र दलितहरूको अधिकारको लागि वर्षौंसम्म लडाइँ लडेपछि साँचो मुक्तिको एकमात्र बाटो भनेको उत्पीडितहरूलाई समानता दिन अस्वीकार गर्ने धर्मसँग सम्बन्ध तोड्नु भन्दै उनले हिन्दू धर्म त्यागेर बौद्ध धर्म अपनाएका थिए ।

**नवयान बौद्ध धर्म एक सामाजिक क्रान्ति**

नवयान बौद्ध धर्म १९५६ मा अम्बेडकरद्वारा स्थापित गरिएको थियो । यो अम्बेडकरद्वारा प्रस्तुत गरिएको बौद्ध धर्मको आधुनिक पुनर्व्याख्या हो । यसको अर्थ 'नयाँ सवारी साधन' हो र यो थेरवाद र महायानजस्ता परम्परागत सिद्धान्तभन्दा फरक छ । अम्बेडकरले बौद्ध धर्मलाई तर्कसंगत, नैतिक र सामाजिक कोणबाट दर्शनको रूपमा पुनः परिभाषित गर्नुको साथै आध्यात्मिक विश्वासको सट्टा समानता, न्याय र मानवीय मर्यादामा जोड दिए । नवयानले जाति व्यवस्थालाई अस्वीकार गर्छ र उत्पीडितलाई, विशेष गरी दलितहरूलाई सशक्त बनाउन र स्वतन्त्रता, समानता र भ्रातृत्वमा आधारित समाज सिर्जना गर्न बुद्धका शिक्षाहरू प्रयोग गर्ने कुरामा ध्यान केन्द्रित गर्छ । नवयान बुद्धको मौलिक शिक्षाबाट लिइएको भए तापनि अम्बेडकरले विशेष गरी दलितहरूलाई जातीय उत्पीडनबाट मुक्त गर्न आधुनिक समाजको आवश्यकता अनुरूप यसलाई पुनः व्याख्या गरे । अम्बेडकरले बौद्ध धर्मका केही परम्परागत रूपमा पाइने अनुष्ठान, अलौकिक विश्वास र पदानुक्रमिक संरचनाहरूलाई अस्वीकार गरे र यसको सट्टा तर्कसंगत विचार, सामाजिक न्याय, नैतिकता र समानतामा जोड दिए ।

अम्बेडकरले यो विचार आफ्नो पुस्तक 'द बुद्ध एण्ड हिज धम्म' (१९५७) मा प्रस्तुत गरेका थिए । उक्त पुस्तक नव-बौद्ध आन्दोलनको लागि मार्गदर्शक पाठ बन्यो । यो उनको आफ्नै सामाजिक-धार्मिक सिर्जना हो जुन सीमान्तकृतहरूका लागि क्रान्तिकारी दर्शनको रूपमा तयार पारिएको छ ।

उनले लेखेको 'बुद्ध र उनको धम्म' भारतका नव-

बौद्धहरूका लागि महत्त्वपूर्ण ग्रन्थ बनेको छ । बुद्धको स्वतन्त्रता, समानता र भ्रातृत्वको शिक्षाबाट प्रेरित भएर उनले बौद्ध धर्मलाई एक तर्कसंगत र नैतिक मार्गको रूपमा हेरे । उनको धर्म परिवर्तन केवल व्यक्तिगत रोजाइमात्र थिएन तर एक शक्तिशाली सामाजिक र राजनीतिक कथन थियो जसले लाखौं दलितहरूलाई आफ्नो मर्यादा पुन: प्राप्त गर्न र उत्पीडनबाट मुक्त हुन सशक्त बनायो । बौद्ध धर्म अपनाएर अम्बेडकरले आफ्ना अनुयायीहरूलाई आत्मसम्मान र मानव अधिकारमा आधारित नयाँ पहिचान दिए ।

नवयान बौद्ध धर्म भनिने उनको बौद्ध धर्मको संस्करण अनुष्ठान वा अलौकिक विश्वासको सट्टा तर्कसंगतता, सामाजिक न्याय र मानवीय मर्यादामा केन्द्रित थियो। अक्टोबर १४, १९५६ मा उनको सामूहिक धर्म परिवर्तन केवल धार्मिक कार्य मात्र थिएन तर एक राजनीतिक र सामाजिक क्रान्ति थियो जसले लाखौं दलितहरूलाई जातीय उत्पीडनबाट मुक्त गर्यो र उनीहरूलाई नयाँ पहिचान दियो ।

**अम्बेडकरले बुद्ध धर्मलाई नै किन रोजे ?**

आफ्नो धर्म परिवर्तन गर्नुअघि उनले हिन्दू धर्मको सम्भावित विकल्पको रूपमा ईसाई धर्म र इस्लाममाथि विचार गरे किनभने दुवै धर्मले जातविहीन समाज प्रदान गर्दछ र भारतका उत्पीडित समुदायहरूमाझ उनीहरूका उल्लेखनीय अनुयायीहरू थिए । अम्बेडकरले क्रिश्चियन मिसनरीहरूसंग छलफल गरे, जसले दलितहरूले धर्म परिवर्तन गरेमा शिक्षा र सामाजिक उत्थानको वाचा गरे। यद्यपि, उनी भारतमा ईसाई धर्ममा अझै पनि जातीय विभाजन रहेकोमा चिन्तित थिए र उनी भारतीय संस्कृतिमा गहिरो जरा गाडेको धर्म पनि चाहन्थे । अन्तत:, आदिवासी भारतीय परम्परा र समानता, तर्कसंगतता र आत्मसम्मानलाई प्रवर्द्धन गर्ने भएर उनले बौद्ध धर्मलाई सबैभन्दा उपयुक्त विकल्पको रुपमा पाए ।

अम्बेडकरले अन्य धर्महरूभन्दा बौद्ध धर्मलाई प्राथमिकता दिनुको कारण त्यो उनको दृष्टिकोणसँग मेल खाने तर्कसंगत र नैतिक प्रणाली भएर हुनुपर्छ । अम्बेडकरले बौद्ध धर्ममा गहन विकल्प पाए किनभने यसले भारतीय समाजमा, विशेष गरी हिन्दू धर्ममा लामो समयदेखि प्रचलित जाति व्यवस्थालाई अस्वीकार गर्यो । हिन्दू धर्मले पवित्र ग्रन्थहरू मार्फत जात-आधारित भेदभावलाई जायज ठहराउँछ भने बौद्ध धर्मले सबै व्यक्तिहरूको जन्म वा सामाजिक स्थिति जस्तोसुकै भए पनि, ज्ञान प्राप्त गर्ने सम्भावना हुन्छ भनेर सिकाउँछ । यो विचार अम्बेडकरमा गहिरो रूपमा प्रतिध्वनित भयो, जसले उत्पीडित दलित समुदायलाई सशक्त बनाउने र समाजमा आफ्नो मर्यादा र समानता पुन: प्राप्त गर्ने प्रणाली खोज्न सजिलो बनायो । यसबाहेक, अम्बेडकर बौद्ध धर्मप्रति आकर्षित हुनुको कारण यसले अन्धविश्वास वा दैवी अधिकारप्रति भक्तिको माग गर्दैनथ्यो । बरु यसले व्यक्तिलाई आफै तर्क गर्न र अनुभव गर्न प्रोत्साहित गर्यो, जुन तर्कसंगतता र आलोचनात्मक सोचमा उनको गहिरो विश्वास अनुरूप थियो ।

बुद्धका शिक्षा चार आर्य सत्य र अष्टांगिक मार्गमा आधारित थिए, जुन व्यक्तिगत अनुभव र बौद्धिक तर्क मार्फत बुझ्न सकिन्छ, जसले गर्दा यसलाई अनुसन्धान र प्रमाणीकरणको लागि खुला दर्शन बनाइएको थियो । यो तर्कसंगत दृष्टिकोण अम्बेडकरको लागि बौद्ध धर्मलाई अन्य धर्महरूभन्दा उपयुक्त लाग्यो । अम्बेडकरले बौद्ध धर्म केवल परम्परागत धर्ममात्र नभएर जीवनलाई वैज्ञानिक दृष्टिकोण प्रदान गर्ने नैतिक संहिता वा धम्मको रूपमा बुझे । बुद्धका सिद्धान्त, पालना गर्ने बारेमा नभई दु:खको प्रकृति, यसका कारणहरू र त्यसलाई कसरी पार गर्ने भनेर बुझ्ने बारेमा थिए । अम्बेडकरको विचारमा बौद्ध धर्म एक वैज्ञानिक दर्शन रह्यो जुन सामाजिक प्रगति र न्यायतर्फ डोऱ्याउने प्रणालीको उनको चाहनासँग गहिरो सम्बन्ध राख्दथ्यो । लामो समयदेखि असमानतालाई जायज ठहराउने धेरै ईश्वरवादी धर्महरूको विपरीत बौद्ध धर्मले नैतिक कानुनमा जोड दिनुका साथै व्यक्तिगत रूपान्तरणको सम्भावनाले अझ न्यायपूर्ण समाजको बाटो देखाएको छ । अन्तत:, अम्बेडकरले बौद्ध धर्मलाई सामाजिक न्याय प्राप्त गर्ने माध्यमको रूपमा हेरे । बौद्ध धर्मको नैतिक ढाँचाले जाति व्यवस्थालाई चुनौती दिनेमात्र बाटो प्रदान गरेन, सबै मानिसहरूको पृष्ठभूमि जस्तोसुकै भए पनि, तिनीहरूको लागि करुणा र समानतालाई पनि प्रोत्साहित

गऱ्यो । प्रत्येक व्यक्तिको सामाजिक पदानुक्रमलाई अस्वीकार गर्दा नै बौद्ध धर्म लामो समयदेखि उत्पीडित र सीमान्तकृत दलितहरूका लागि एक आदर्श प्रणाली बन्यो । अम्बेडकरले बौद्ध धर्मलाई केवल आध्यात्मिक अभ्यासको रूपमा मात्र नभई सामाजिक क्रान्तिको रूपमा पनि हेरे जसले उत्पीडितहरूलाई आफ्नो अधिकार र स्वतन्त्रता दाबी गर्न सशक्त बनायो । बौद्ध धर्म अँगालेर अम्बेडकरले दलित समुदायको लागि जातीय उत्पीडनबाट मुक्त र न्याय, समानता र करुणामा जरा गाडेको नयाँ पहिचान सिर्जना गर्ने लक्ष्य राखे । तसर्थ अम्बेडकरको हिन्दू धर्म त्यागेर बुद्ध धर्म मान्नु आध्यात्मिक नभएर जाति व्यवस्था उन्मूलन र न्यायपूर्ण समाज सिर्जना गर्न एक क्रान्तिकारी कदम थियो ।

**अम्बेडकर किन नास्तिक बनेनन् ?**

हिन्दू धर्मकै कारण दलित परिवारमा जन्मेर अपमान सहनु पर्ने अम्बेडकर किन नास्तिक भएनन् भन्ने धेरैलाई लागेको हुनुपर्छ । अम्बेडकर एक गहिरो तार्किक विचारक र धार्मिक कट्टरपन्थीका कडा आलोचक थिए । यद्यपि उनले नास्तिकतालाई आफ्नो मार्गको रूपमा अपनाएनन् । कुनै पनि अर्थपूर्ण र दिगो सामाजिक सुधारको लागि नैतिक आधार चाहिन्छ भन्ने उनको विश्वास थियो जुन नास्तिकताले औपचारिक रूपमा प्रदान गर्दैन । अम्बेडकरको विचारमा नास्तिकतामा त्यस्तो संरचित दर्शन वा निर्देशक सिद्धान्तहरूको अभाव थियो जसले उत्पीडितहरूलाई न्याय र समानताको लागि दलितहरूको संघर्षमा मद्दत गर्न सक्थ्यो। नास्तिकता सामुदायिक रीतिरिवाज वा सामूहिक परम्पराहरूबाट मुक्त व्यक्तिगत अडान भएकोले जनआन्दोलनको लागि आवश्यक भावनात्मक र सामाजिक सहयोग गर्न सक्दैन । त्यसकारण अम्बेडकरले बौद्ध धर्म मार्फत तर्कसंगत विचारलाई नैतिक जीवनसँग जोडे र व्यक्तिगत मुक्ति र सामूहिक सशक्तिकरण दुवै प्रदान गर्दा यसलाई सामाजिक क्रान्तिको नेतृत्व गर्न अझ उपयुक्त बनायो ।

धर्मले नैतिकता र सामाजिक एकतालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वासमा अम्बेडकरले धार्मिक मार्गलाई नछोडि नास्तिकताको सट्टा बुद्ध धर्म अपनाए । उनले अन्धविश्वास र जातीय भेदभावको कडा विरोध गर्दै सामाजिक न्याय आन्दोलनको केन्द्रबिन्दु रहेको बौद्ध धर्मलाई एक तर्कसंगत, नैतिक र समतावादी धर्मको रूपमा हेरे । धार्मिक संरचनालाई पूर्ण रूपमा अस्वीकार गर्ने नास्तिकताको विपरीत, बौद्ध धर्मले उत्पीडित समुदायहरूलाई मर्यादा र आत्मसम्मान पुनः प्राप्त गर्न मद्दत गर्ने आध्यात्मिक र दार्शनिक आधार प्रदान गर्यो । अम्बेडकरले सामाजिक सुधारको लागि संरचित नैतिक प्रणाली आवश्यक हुनुका साथै बुद्धका शिक्षाले अन्धविश्वासबाट मुक्त तर्कवादको बाटो प्रदान गर्छ भन्ने कुरामा पनि विश्वास गर्थे । यसरी नास्तिकताले त्यति सामूहिक नैतिक बल प्रदान गर्दैन भन्ने लागेर उनले नास्तिकता तर्फ फर्कनुको सट्टा सामाजिक परिवर्तनको माध्यमको रूपमा बौद्ध धर्मलाई रोजे । उनले बौद्ध धर्म अपनाउनु केवल व्यक्तिगत निर्णयमात्र नभइ एक सामाजिक क्रान्ति थियो जसले दलितहरूलाई जातीय उत्पीडनबाट मुक्त नयाँ पहिचान दियो । आस्था त्याग्नुको सट्टा उनले त्यस्तो धर्म रोजे जसले मानिसहरूलाई स्वतन्त्रता, समानता र भ्रातृत्वको मूल्यमान्यतालाई कायम राख्छ ।

यद्यपी अम्बेडकरले बौद्ध धर्मलाई परम्परागत धर्मको रूपमा नभई नैतिकता, तर्क र सामाजिक न्यायमा आधारित वैज्ञानिक र तर्कसंगत जीवन शैलीको रूपमा हेरे। बौद्ध धर्म रीतिरिवाज र अन्धविश्वासबाट मुक्त छ । अम्बेडकरको लागि बौद्ध धर्म ईश्वरवादी धर्मको सट्टा 'धम्म' (नैतिक कर्तव्य) थियो र उनले बुद्धलाई दिव्य व्यक्तित्वको सट्टा तर्कसंगत विचारक र समाज सुधारकको रूपमा हेरे । उनले बौद्ध धर्मको तार्किक र नैतिक सिद्धान्तहरूको प्रशंसा गरे, जसलाई उनले मानव प्रगति र सामाजिक समानताको लागि वैज्ञानिक मार्गदर्शकको रूपमा लिए । नास्तिकता वा अन्य धर्मको सट्टा बौद्ध धर्म अँगाल्ने अम्बेडकरको निर्णय भारतीय जाति व्यवस्थाको आलोचना र तर्कसंगत, समतावादी र वैज्ञानिक जीवन शैलीको खोजीमा गहिरो सङ्कल्प थियो । यो बुझ्नको लागि जातीय उत्पीडन विरुद्धको उनको जीवनभरको संघर्ष र उनले बौद्ध धर्मलाई केवल धर्मको सट्टा सामाजिक रूपान्तरणको साधनको रूपमा कसरी हेरिन्छ भन्ने कुरालाई जाँच्नु आवश्यक छ । नास्तिकतामा समानता र न्यायको लागि उत्पीडितहरूको

संघर्षमा मार्गदर्शन गर्न संरचित दर्शनको अभाव भएको अम्बेडकर ठान्थे । अम्बेडकरले दलितहरूका लागि भगवानको अस्वीकार गर्नुले नै समस्याको समाधान हुने ठानेनन् । शताब्दीयौंदेखि दमनमा परेको समाजमा आफ्नो मर्यादा पुन: स्थापित गर्न उनीहरूलाई सकारात्मक पहिचान र नैतिक बलको आवश्यकता थियो । उनको विचारमा नास्तिकतामा सामाजिक परिवर्तनको लागि आवश्यक पर्ने आफ्नोपन, समुदाय वा आध्यात्मिक सहयोगी भावनाको अभाव हुन्छ । यसले विद्यमान धार्मिक प्रणालीहरूको आलोचना गर्न त सक्छ तर दमनकारी जाति व्यवस्थाको लागि उत्थानदायी विकल्प प्रदान गर्दैन । त्यसकारण अम्बेडकरले बौद्ध धर्मलाई केवल धर्मको रूपमा मात्र नभई एक तर्कसंगत नैतिक प्रणालीको रूपमा लिंदा उत्पीडितहरूका लागि सामाजिक समानता, न्याय र मर्यादाको लागि वैज्ञानिक मार्ग प्रदान गर्यो ।

**हिन्दू जाति व्यवस्थाको आलोचना**

अम्बेडकरको जन्म दलित परिवारमा भएको थियो, जहाँ उनले हिन्दू धर्मको कठोर वर्ण व्यवस्था अन्तर्गत चरम सामाजिक भेदभावको सामना गरे । मनुस्मृतिजस्ता धार्मिक ग्रन्थहरू मार्फत जायज ठहराइएको जातीय पदानुक्रमले दलितहरूलाई सबैभन्दा तल्लो दर्जामा पुर्‍यायो । उनीहरूलाई शिक्षा, मन्दिर र सार्वजनिक स्थलहरूमा पनि पहुँचबाट वञ्चित गर्यो । आफ्नो शिक्षा र उपलब्धिहरूको बावजुद उनले जीवनभर जातीय अपमानको सामना गरे । फलस्वरुप उनले १९३५ मा घोषणा गरे: "म हिन्दु भएर जन्मेको थिएँ, तर म हिन्दु भएर मर्ने छैन ।"

**को हुन् अम्बेडकर ?**

बाबासाहेब अम्बेडकरको रुपमा चिनिने डा. भीमराव रामजी अम्बेडकर भारतीय संविधानका प्रमुख शिल्पकार थिए । मस्यौदा समितिको अध्यक्षको रूपमा भारतको संविधानको मस्यौदामा महत्वपूर्ण भूमिका खेलेका अम्बेडकर एक कानूनविद्, अर्थशास्त्री, समाज सुधारक र राजनीतिज्ञ थिए । अम्बेडकर सामाजिक न्यायका, विशेष गरी दलित (अछुत भनिने) र अन्य सीमान्तकृत समुदायका अधिकारका प्रबल समर्थक थिए । उनको योगदानले समानता, न्याय र मौलिक अधिकारप्रति भारतको प्रतिबद्धताको जग बसाल्यो । उनी भारतको सामाजिक नीति, श्रम अधिकार र आर्थिक सुधारलाई आकार दिन भूमिका खेले । पछि बौद्ध धर्म अपनाएर सामूहिक धर्म परिवर्तन आन्दोलनको नेतृत्व गरे ।


हार्दिक मंगलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी अविभावक तथा शिक्षक शिक्षिकाहरूमा सु-स्वास्थ दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

हिमालयन ग्लोरी इङ्गलिश स्कूल

सहिदस्मृत्ति खेलमैदान-२, भक्तपुर



हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महामञ्जुश्री ज्यास पस

इनाचो-७, भक्तपुर

# शारीरिक रोगमा मानसिक प्रभाव

✍ प्रा.मदनरत्न मानन्धर

शारीरिक रोग हुनुमा मानसिक प्रभावको ठूलो भूमिका रहने तथ्य आधुनिक उपचार पद्धतिले पनि प्रमाणित गरिसकेको छ । कतिपय शारीरिक रोग निवारणका लागि मानसिक शक्ति सुदृढ हुनुपर्ने, मन एकाग्र हुनुपर्ने, सकारात्मक सोच हुनुपर्ने, नकारात्मक सोच र प्रभावलाई जतिसक्दो न्यून गर्नुपर्ने कुराहरूप्रति विशेष ध्यान दिन थालिएको छ । यसै प्रसंगमा यस लेखका प्रस्तुतकर्ताको एक रोचक अनुभव यहाँ प्रस्तुत गर्नु असान्दर्भिक नहोला भन्ने ठानेको छु । कुरा वि.सं. २०४४ साल तिरको हो । एकरात अकस्मात बायाँ आँखाभित्र केही चल्बलाएको महसूस भई निन्द्रा खुल्यो । रातको अँध्यारोमा आँखामा के कस्तो भयो भन्ने त थाहा पाउन सकिएन, तर जब बिहान आँखा खोलेर हेर्छु त हेरेको ठाउँमा कालो धब्बा मात्र देखियो । मानिसको अनुहार हेर्छु त अनुहार पूरा कालो तर शरीरका अन्य भाग चाहिं प्रष्ट देखिने भइयो ।

यसप्रकार आँखाको ज्योति हराएको महसुस भयो । तत्काल आँखा विशेषज्ञको क्लिनिकमा जँचाउन पुगें । उहाँले आँखा परीक्षण पश्चात् आत्तिनु नपर्ने तर औषधी खानुपर्ने सल्लाहका साथ केही औषधी लेखिदिनुभयो । त्यसबेला मेरो एउटा बानी के परिसकेको थियो भने कुनै पनि औषधी सेवन गर्नु अघि कविराज डा. आनन्दकुमार श्रेष्ठज्यूसँग एकपल्ट सल्लाह लिएर मात्र खाने । त्यही अनुरूप उहाँ कहाँ गएँ, भएको सबै कुरा बताएँ, प्रेस्किप्सन देखाएँ । त्यो हेर्नासाथ उहाँले यो औषधी नखानुस्, यसले आँखाको पानी सबै सुकाउँछ भन्नुहुँदै डा. एन.सी. राईकोमा एकपटक आँखा जँचाउन सल्लाह दिनुभयो ।

त्यतिबेला मलाई विहारमा जाने बानी बसिसकेको हुनाले धर्मकीर्ति विहारमा जाँदा साथीहरूबीच यो बारे चर्चा गरें । एकजना साथी बरदेश मानन्धरज्यूले पनि त्यसबेलाका प्रख्यात आँखा विशेषज्ञ डाक्टर एन.सी. राईकोमा जँचाउन सल्लाह दिए । दुईजना सत्मित्रको सल्लाह अनुसार डा.राईज्यूको क्लिनिकमा गई आँखा जँचाउन जाँदा उहाँले त्रि.वि. शिक्षण अस्पतालमा गएर आँखाको तस्विर लिनका लागि लेखिदिनु भयो । त्यहाँ गएँ । एकप्रकारको इन्जेक्सन दिंदै आँखाको भित्री तस्विर खिचियो, पूरै ३६ वटा ।

भोलिपल्ट रिपोर्ट लिएर डाक्टरकहाँ जाँदा उहाँले रोगको पहिचान गरी भन्नुभयो- धेरै आन्तरिक तनावका कारण आँखाभित्र एक प्रकारको रस चुहिएर नानीमा जम्मा भएको छ, जसले गर्दा बाहिर हेर्दा कालो धब्बा देखिएको हो । यसका लागि कुनै औषधी उपचार गर्नु आवश्यक छैन, बरु फुर्सद लिएर एकपटक तीर्थयात्रातिर जानुहोस् । चिन्ता, तनाव कम गर्नुहोस्, आफै ठिक हुन्छ । नभन्दै केही दिन काठमाडौं बाहिर घुम्न गएँ । करिब ३ हप्ता पछि कालो धब्बा देखिने कम हुँदै गयो र २/३ महिनापछि आँखा पूर्णत: पूर्वअवस्थामा जस्तै देखिन थाल्यो ।

यो प्रसंग उल्लेख गर्नुको कारण मलाई शरीरको आँखामा रोग लाग्यो, त्यसको कारण मानसिक तनाव थियो । र उपचार पनि मानसिक शान्ति, एकाग्रता र चिन्ताबाट टाढा रहनुबाटै सम्भव भयो । भन्नुको तात्पर्य शारीरिक रोग हुनुमा मानसिक प्रभाव धेरै हदसम्म जिम्मेवार रहेको देखियो । यस्ता उदाहरण खोज्दै जाने हो भने थुप्रै भेट्टाउन सकिन्छ । तर समस्या के हो भने कुनै पनि कारणलाई हामीले बाहिरतिर मात्र खोज्छौं, आफूभित्र खोज्ने बानी हाम्रो अत्यन्त न्यून छ । जसले गर्दा बिना औषधी, बिना ठूलो नोक्सानीको उपचारबाट वञ्चित भई दीर्घरोग निम्त्याउन र पाल्न हामी विवश भइरहेका हुन्छौं ।

अर्को उदाहरण लिऔं-मधुमेह (डाइबिटिज) को अरू कारण मध्ये एउटा कारण अत्यधिक चिन्ता र तनाव पनि हो भन्ने कुरा आधुनिक चिकित्सा विज्ञानले पुष्टि

गरिसकेको छ। मेरो एक जना घनिष्ठ मित्र छ, कलेजको प्राध्यापन कार्य छोडी विदेशी प्रोजेक्टमा काम गर्न थाले, आम्दानी प्रशस्त हुने देखेर । तर केही वर्ष पश्चात् नै मधुमेह रोग देखियो, ऊ आफै भन्ने गर्छ अफिसमा काम गर्दा अत्यन्त धेरै चिन्ता र तनाव हुने गर्दछ ।

अचेल उच्च रक्तचापका बिरामीहरू पनि प्रत्येक जसो घरमा पाइन थालिसक्यो । एक त आहार विहारमा सन्तुलन नहुनु, अर्को वातावरण अनुकूल नहुनु र अनेक प्रकारका मानसिक तनावमा रहनुको कारणले यस्तो अवस्था आएको देखिन्छ । हो वा होइन भनी सबैले आफै एकपटक चिन्तन मनन, अध्ययन गर्दा तथ्य पत्ता लगाउन सकिन्छ । कोही वंशानुगतले गर्दा यसो भएको भन्छन्, केही प्रतिशत हुन पनि सक्ला तर अधिकांश यस्तो होइन ।

यस रोगको उपचारमा ध्यान, भावनाको निकै ठूलो सकारात्मक प्रभाव देखिएको र बिना औषधीसेवन नै रोग नियन्त्रणमा आएको अनुभव गर्नेहरू पनि धेरै नै भइसकेका छन् । हुन त योग र प्राणायामबाट पनि यस्ता रोगहरू नियन्त्रणमा आएको दावी धेरैले गर्ने गरेका छन्, तर राम्ररी नियाल्ने हो भने योग र प्राणायामले पनि मनलाई नियन्त्रण, शान्त र तनाव रहित बनाउने हुनाले नै रोग नियन्त्रण हुन सकेको देखिन्छ । साथै शारीरिक व्यायाम गर्दा पनि यही कुरा छर्लंगिन्छ । भन्नाले कुनै पनि रोग निवारणमा पनि मानसिक प्रभाव अत्यन्त महत्वपूर्ण रहेको प्रष्टिन्छ । अस्तु ।






**हार्दिक मङ्गलमय शुभकामना**

२५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**कमलविनायक फर्मा**

कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१२०५८

# बौद्धगया मन्दिरको आन्दोलन

✍ तीर्थराज बज्राचार्य

बौद्धगया कुनै साधारण ठाउँ होइन । सिद्धार्थ गौतम बुद्धले ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गर्नुभयो र बौद्धगयामा आफूले प्राप्त गरेको अमूल्य ज्ञान विश्वमा नै व्यापक रूपमा प्रचार प्रसार गर्नुभयो । यो पवित्र स्थल विश्वभरका करोडौं बौद्ध धर्मावलम्बीका लागि आस्थाको केन्द्र हो । तर दु:खको कुरा के छ भने, बौद्ध धर्मावलम्बीहरूकै पवित्र स्थलको व्यवस्थापनको अधिकार अहिलेसम्म पूर्ण रूपमा उनीहरूको हातमा छैन । बुद्ध शिक्षाको विकास भइरहेको देखेर सहन नसकेका ब्राह्मणवादीहरूले भारतको कतिपय बौद्ध मन्दिर, विहारमा कब्जा गरी बुद्धमूर्तिलाई हिन्दू देवता बनाई पूजापाठ गर्दै आएका छन् । अहिले फेरि हालसालै २०८१ फागुन महिनादेखि बौद्धगयामा राम र शिव मन्दिर स्थापना गर्नु भनेको बौद्ध धर्मलाई हिन्दू धर्ममा विलय गर्ने प्रयास हो । इतिहास हेर्ने हो भने, भारतमा बौद्ध धर्म विस्तार भएपछि केही शक्तिहरूले बौद्धलाई विष्णुको अवतारको रूपमा प्रचार गर्न खोजे । आज पनि त्यही रणनीति प्रयोग गर्दै बुद्धगयाभित्रै हिन्दू मन्दिर स्थापना गर्ने षड्यन्त्र भइरहेको छ । कुनै पनि अन्य धर्मको मन्दिर यहाँ स्थापना गर्नु बौद्ध धर्ममाथि आक्रमण हो । बुद्धले ज्ञान प्राप्त गरेको बौद्धगया बौद्धहरूको हकहित सुरक्षित हुनुपर्ने विषयलाई भारतीय भिक्षुहरूले बुलन्द आवाज उठाउँदै आएका छन् । सन् १९४९ मा भारत सरकारले लागु गरेको बौद्धगया मन्दिर ऐन (Bodh Gaya Temple Act) ले बौद्ध धर्मावलम्बीहरूलाई दोस्रो दर्जाको बनाइदिएको छ । यो कानुन अब पुरानो भइसकेको छ, यसलाई संशोधन गरी मन्दिरको सम्पूर्ण व्यवस्थापन बौद्ध समुदायलाई दिनुपर्छ । महाबोधि मन्दिर व्यवस्थापन हाल Mahabodhi Temple Management Committee (MTMC) को हातमा छ, जसमा ५ जना हिन्दू र ४ जना बौद्ध सदस्य रहन्छन् । यसरी बौद्ध धर्मको सबैभन्दा पवित्र स्थलमा हिन्दूहरूको बहुमत हुनु अन्यायपूर्ण छ । भिक्षुहरू अनसन बस्दै जहिलेसम्म बौद्धगयामा बौद्धहरूलाई जिम्मा दिँदैन, तबसम्म आन्दोलन जारी नै रहने बताइएको छ । उक्त शान्तिपूर्ण आन्दोलनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रले समर्थन गर्दै आएको छ । त्यस्तै आन्दोलनरत भन्ते र अन्य बौद्ध सङ्घ संस्था र बुद्धिजीवीहरू र विभिन्न व्यक्तिहरू आन्दोलनलाई सफल गरी बुद्धगया बौद्धहरूको हातमा लिने प्रतिज्ञा गरेका छन् ।

नेपालमा बुद्ध जन्म भएको देश भएर पनि बुद्धगयामा भएको घटनालाई लिएर अखिल नेपाल भिक्षु सङ्घ र धर्मोदय सभालगायत आधिकारिक

संस्थाले मौन समर्थन गरेको छ । यदि लुम्बिनीमा पनि राम, कृष्ण, शिवलिङ्ग राख्न आए चुप लागेर बस्ने हो कि ?

२०७५ साल माघ २४ गतेदेखि फागुन २३ गतेसम्म लुम्बिनी अन्तर्राष्ट्रिय हलमा हिन्दू धर्मको धार्मिक गुरु मुरारी बाबाको नेतृत्वमा रामकथा वाचन कार्यक्रम सफल भएको थियो । उक्त कार्यक्रम लुम्बिनीमा नगरी अन्तै ठाउँमा गर्नुपर्ने भन्दै मगर बौद्ध समूहले विरोध गरेको थियो । के कारण हो कुन्नि पछि लुम्बिनी क्षेत्रमै रामकथा वाचन कार्यक्रम भयो । बौद्धगयामा ब्राह्मणवादको दबावले रामको मूर्ति, शिवलिङ्ग राख्ने कार्यजस्तै लुम्बिनीमा पनि राख्न बेर लाग्दैन । बौद्धगयामा भएको जस्तो घटना यहाँ हुन नदिनको लागि नेपालका भिक्षु सङ्घ, धर्मोदय सभा, लुम्बिनी विकास कोषका पदाधिकारीहरू होसियार हुनुपर्ने देखिन्छ । बुद्ध जन्मभूमि लुम्बिनी क्षेत्रमा बौद्ध धर्मका कार्यक्रमबाहेक अरु धर्मावलम्बीका कार्यक्रम गर्न आएमा रोक लगाउनुपर्ने र रोक लगाउन सक्ने बुँदा लुम्बिनी विकास कोषको विधानमा उल्लेख हुनुपर्ने देखिन्छ । अनि मात्र लुम्बिनी क्षेत्रमा शान्तिमय र स्वच्छ वातावरण बन्छ ।

(धार्मिक द्वन्द्व निम्त्याउनु उपयुक्त हुँदैन । मन्दिर बनाउने या नबनाउने भन्ने सन्दर्भमा दुवै पक्ष मिलेर निकास खोज्नु आवश्यक हुन्छ । यसमा स्थानीय सरकारले पहल गर्न बुद्धिमानी हुनेछ -सं.)

**साभार : मजदुर दैनिक**

◆


बुद्ध संवत् २५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछ ।



मो नं. ९८४१५८०१२१

**श्याम दहि भण्डार**

चोर्चा-७, भक्तपुर, फोन नं. ६६१८१४८

*अर्डरको लागि एक दिन अगाडि सम्पर्क गर्नुहोला ।*



**हार्दिक मङ्गलमय शुभकामना**



बुद्ध संवत् २५६९ औं जयन्तीको शुभ उपलक्ष्यमा विद्यार्थी, अभिभावक तथा शुभचिन्तक सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**ख्वप्रिङ इङ्गलिश एकेडेमी (सेकेण्डरी) स्कूल**

लिबाली-८, भक्तपुर

# बुद्धलाई कसरी बुझ्ने ?

✍ सुरेश परियार

बुद्धबारे विद्वानहरूका दुई आग्रह छन् । एकथरी विद्वान बुद्धलाई उत्पीडित वर्गका हितैषी मान्छन् । अर्काथरी बुद्ध आफ्नो जमानाका कुलीन र धनाढ्यहरूको पक्षमा लागेको बताउँछन् ।

के बुद्ध समाज सुधारक हुनुहुन्थ्यो ? यसको पक्षमा धेरै तर्क पेस गर्न मिल्छ । बौद्ध ग्रन्थहरूमा यसलाई पुष्टि गर्ने धेरै उदाहरण पाइन्छन् । 'बहुजन हिताय, बहुजन सुखाय' को मर्म यही हो । भिक्षु सङ्घमा धेरै श्रावक 'तल्लो जाति' का थिए । दासीका सन्तान, ग्वाला, नाइ, भंगी, सार्की, कामी, जुलाहा लगायत अनेक पेसाका व्यक्तिले प्रवज्या लिएका थिए । बौद्धग्रन्थ 'थेरगाथा' मा तिनको नाम र जाति पढ्न पाइन्छ । बुद्धको सङ्घमा व्यक्तिको जन्म, पेसा वा सामाजिक हैसियत हेर्दिँदैनथ्यो ।

के बुद्ध शासक वर्गको सङ्गतमा हुनुहुन्थ्यो ? यसको पक्षमा पनि तर्कको अभाव छैन । राजपाठ त्यागेपछि बुद्ध लौकिक जीवनबाट फरक हुनुभयो । त्यसैले उहाँले आर्थिक उत्पीडनमा रुचि लिनुभएन । सुरुका उहाँका धेरै शिष्य हुनेखाने वर्गका थिए । बौद्ध श्रावकहरूमा धेरैजना व्यापारी, ब्राम्हण र राजा थिए । अमृतानन्द भन्तेका कृतिमा ती श्रावकबारे बेग्लाबेग्लै चर्चा गरिएको छ । बौद्ध सङ्घलाई कुलीन र व्यापारीहरूले दानदक्षिणा चढाउँथे । राजा बिम्बिसार, धनकुवेर अनाथपिण्डिक आदिले उहाँलाई राजसी बगान अर्पण गरेका थिए । त्यस्तै, 'विनयपिटक' मा राजाको भगुवा सिपाही र मालिक छोडेको दासलाई भिक्षु सङ्घमा नलिनु भनी उल्लेख छ ।

बुद्धलाई आजको वर्गीय चस्माले हेर्नाले यो अन्योल जन्मेको हो । बुद्धलाई उहाँकै समयमा राखेर हेर्नुपर्छ । विभिन्न खुड्किला पार गरेर मानव समाज आजको युगमा आइपुगेको हो । उत्पादन सम्बन्धका आधारमा आजसम्म पाँच किसिमका समाज अस्तित्वमा आएका छन् । बुद्धको समय आदिम समाजको अन्त्य र वर्ग समाजको आरम्भतिरको हो ।

बुद्धको समयबारे अलि विस्तारमा चर्चा गरौँ ।

बुद्ध शाक्य गणमा जन्मिनुभयो । बुद्धको जीवनकालमै यो गणलाई कोसल नरेसले ध्वस्त पारे । कतिपय विद्वानले गणको अर्थ कुल-गोत्र बताएका छन् । गणका वृद्ध र जवान सदस्य साझा भवन वा सान्थागारमा भेला भएर प्रशासनिक वा न्यायिक काम टुङ्गो लगाउँथे । एउटा गणनायक निर्वाचित हुन्थ्यो र बैठकको अध्यक्षता उसैले गर्थ्यो । बैठक नबसेका बखत ऊ नै गणनायक हुन्थ्यो । उसलाई राजा भनिन्थ्यो । इतिहासमा यसखाले निर्वाचित राजा कहीँकतै भेटिन्नन् ।

अर्को साक्ष्य, प्राचीन महाकाव्य महाभारतमा उत्सव-सङ्केत नामक सात गणको चर्चा छ । यसको अर्थ यी गणमा समागमका लागि नारी-पुरुषको मेला हुन्थ्यो । विवाह संस्था बनिसकेको थिएन । परिवारको उदय भइसकेको थिएन । निजी सम्पत्ति र राज्यको उत्पत्ति पनि भएको थिएन । त्यसकारण, गण व्यवस्थालाई 'गणतान्त्रिक राज्य' भन्ने कतिपय विद्वानको बुझाइ सही छैन । गण खासमा जनजाति समाज थियो । बुद्धको पालामा धेरै गणहरू अस्तित्वमा थिए । तिनको संरचना केलाउँदा तिनलाई आदिम समाजको अवशेष भन्न मिल्छ ।

समाज विकासको मामिलामा असमान विकासको नियमले भूमिका खेल्छ । बुद्धको पालामा विकसित राजतन्त्रसँगै आदिम समाज पनि अस्तित्वमा थिए । खासमा बुद्धभन्दा धेरै पहिले सिन्धु सभ्यतामै राज्य अस्तित्वमा आइसकेको थियो । तर, कतिपय इलाकामा व्यापारी, धर्मप्रचारक र ज्यामी ठेकेदार नपसेको हुनाले आदिम समाज कायम नै थिए । बुद्धसम्म आइपुग्दा गंगा नदीको किनारमा धेरै राजतन्त्र खडा भइसकेका थिए । विशेषगरी राजतन्त्रहरूले पुरानो समाजलाई पालैपालो निलिरहेको अवस्था थियो । मुद्रा चलनचल्तीमा थियो । श्रेष्ठी-व्यापारीका

लस्कर सुदूर यात्रामा निस्किन्थे । उनीहरू धनधान्यले परिपूर्ण थिए । दासप्रथा अस्तित्वमा आइसकेको थियो ।

बुद्धको जीवनकालमा आदिम समाजका धेरै अवशेष बाँकी थिए । 'प्राचीन गणको स्वतन्त्रता, समानता र भ्रातृत्व' को भावना बुद्धले लिनुभयो । प्राचीन समाजको भग्नावशेषमाथि उठ्दै गरेका राजतन्त्रहरूको गुणगान प्रारम्भिक बौद्ध विचारमा भेटिन्न ।

आदिम प्रजातन्त्रबारे बुद्ध के सोच्नुहुन्थ्यो ? हेरौं ।

'दिघनिकाय' मा एउटा प्रसङ्ग छ । मगधराज अजातशत्रुले वज्जी गणमाथि हमला गर्ने योजना बनाए । सल्लाहका लागि उनले महामात्य वर्षकारलाई बुद्धकहाँ पठाए । भेटमा शिष्य आनन्द पनि थिए ।

बुद्धले आनन्दलाई भन्नुभयो, "आनन्द के तिमीले सुनेका छौ, वज्जीहरू बेलाबेला भेला हुन्छन् र बैठक बस्छन् ?"

आनन्दले भने, "सुनेको छु भन्ते ।"

"आनन्द जबसम्म वज्जीहरू यसरी नै बेलाबेला एकजुट भएर बैठक बसिरहन्छन्, तबसम्म तिनीहरू समृद्ध रहनेछन्, तिनलाई हानि हुने छैन", बुद्धले भन्नुभयो ।

प्रश्नोत्तर चल्दै गयो । बुद्धले गण समाजका सात गुणधर्मको चर्चा गर्नुभयो । यी गुण रहेसम्म वज्जीहरू मगधबाट कहिल्यै पराजित नहुने बताउनुभयो । यसपछि वर्षकार त्यहाँबाट बाहिरिए । उनी गएपछि बुद्धले राजगृहवरपरका शिष्यहरूलाई भेला गर्न लगाई भिक्षु सङ्घको कल्याण हुने सात गुणधर्मबारे देशना गर्नुभयो र भन्नुभयो, "जबसम्म भिक्षुहरू बेलाबेला बैठक बस्छन्, भिक्षुहरूको हानि होइन भलो हुनेछ । जबसम्म भिक्षुहरू एकजुट भएर बैठक बस्छन्, सङ्घको काम गर्छन्, भिक्षुहरूको हानि होइन भलो हुनेछ ।"

भिक्षु सङ्घमा पाइने आदिम समाजको प्रतिबिम्बबारे थोरै चर्चा गरौं ।

बौद्ध समाजमा बाहिरियालाई भित्र्याउने रीतिलाई प्रवज्या वा उपसम्पदा भनिन्छ । यस कार्यमा भिक्षु सङ्घ अत्यन्त उदार देखिन्छ । भिक्षु सङ्घ जन्मका आधारमा बन्दैनथ्यो । बुबा बौद्ध हुँदैमा सन्तान पनि बौद्ध हुनुपर्छ भन्ने थिएन । त्यसैले धर्मपुत्र वा धर्मपुत्री बनाउनु भिक्षु सङ्घमा प्रवेश गर्ने मार्ग थियो । यो रीति आदिम समाजको अवशेष थियो । अमेरिकी आदिवासी इरोक्वाहरू बाहिरियालाई धर्मपुत्र वा धर्मपुत्री बनाएर आफ्नो समाजमा भित्र्याउँथे । बौद्ध ग्रन्थ 'विनयपिटक' मा उपसम्पदाका नियम तय गरिएको छ । भिक्षु सभाको औपचारिक अनुमतिपछि मात्र व्यक्तिले उपसम्पदा लिन सक्थ्यो । यसको लागि सभामा उपस्थित निश्चित भिक्षुले उसलाई स्वीकार्नुपर्थ्यो । सङ्घमा व्यक्तिलाई भित्र्याउने प्रस्ताव राखिन्थ्यो । सभाका बहुमत सदस्य मौन बसे उसलाई स्वीकारेको मानिन्थ्यो ।

भिक्षु सङ्घ अत्यन्त प्रजातान्त्रिक तवरले चल्थ्यो । भिक्षुहरूको महासभासँग सार्वभौम शक्ति हुन्थ्यो । बैठकको सम्पूर्ण प्रक्रियाको लिखित प्रबन्ध हुन्थ्यो । सम्पूर्ण भिक्षुहरू सभाका सदस्य हुन्थे । सबैलाई समान मताधिकार थियो । सम्पूर्ण सदस्य उपस्थित नभएसम्म वा अनुपस्थित हुनेले पूर्वजानकारी नगराएसम्म बैठक बस्दैनथ्यो । बैठकको वैधताको लागि गणपुरक सङ्ख्या पूरा हुनुपर्थ्यो । प्रस्तावकले प्रस्ताव राखेपछि सबै भिक्षुलाई एक वा तीन पटक विचार राख्न भनिन्थ्यो । सबै मौन बसे प्रस्ताव सर्वसम्मतिले पारित हुन्थ्यो । कसैले विमति राखे प्रस्ताव बहुमतले पारित हुन्थ्यो ।

भिक्षु सङ्घमा सबथोक सङ्घको सम्पत्ति हुन्थ्यो । भिक्षुविशेषलाई निजी प्रयोजनका लागि केही सामग्री दिए पनि त्यसलाई सङ्घकै सम्पत्ति मानिन्थ्यो । कुनै भिक्षुको मृत्यु भएपछि उनको सम्पत्ति सङ्घकै हुन्थ्यो । वर्ग समाजको उदयबारे बौद्ध साहित्य के भन्छ ?

बौद्ध ग्रन्थ 'महावस्तु अवदान' को कथासार पढौं :

"सुरुमा मान्छेले माया पिएर बाँच्थे र आशीषरूपी कुटीमा बस्थे । जीवन पनि उस्तै सरल थियो । जे गर्‍यो धर्मै हुन्थ्यो । त्यसपछि वर्णको भेद आयो । कसैको वर्ण राम्रो थियो, कसैको नराम्रो । राम्रो वर्ण हुनेले नराम्रो वर्ण हुनेलाई हेपे । दम्भको जन्म भयो र धर्म मर्‍यो । सँगै माया-ममता हरायो । जे पिएर बाँच्थे त्यो महको रस सुक्यो । उनीहरू नयाँनयाँ खानाको खोजीमा भौतारिए । त्यसपछि तिनले साली धान पत्ता लगाए । त्यसबेला कसैले पनि धान थुपार्ने सोचेनन् । तर, बिस्तारै तिनमा धान थुपार्ने सोच पलायो । अनि, सञ्चयको लोभ बढ्दै गयो । सँगै नारी-पुरुषको भेद गर्ने चेतना पलायो । सुरुमा जोडी बनाउनुपर्ने सोचले उनीहरू चिढिए । तैपनि विवाहको चलन स्थापित र स्वीकार्य बन्दै गयो । घरायसी काम नारीहरूको भागमा पर्‍यो ।

थुपार्ने लोभ कति बढेर गयो भने खेतीपातीको तरिका बदल्दै

जानुपर्‍यो। यसले गर्दा जमिनको सामूहिक स्वामित्व असम्भव बन्न पुग्यो। निजी खेतीका लागि जमिनको खण्डीकरण भयो। निजी खेतीका लागि जमिनमा आली लगाइयो। कसैले पनि अरूको सीमाभित्र घुस्न नपाउने भयो। केही समय यस्तै चल्यो।

पछि जटिलता थपिँदै गयो। कसैले सोच्यो, "यो मेरो जमिन हो, म यति बाली भित्र्याउँछु। तर, कहिलेकाहीं बाली सखाप भए के गर्ने ?" उसले समाधान निकाल्यो, "अरूले जेसुकै भनून्, म त अरूको खेतमा गएर बाली उठाउँछु।" उसले चोर्‍यो तर लगत्तै तेस्रो व्यक्तिले उसलाई समातिहाल्यो। दुईचार चट्कन लगाएर त्यो व्यक्तिले यसलाई चोर भन्यो। चोर चिच्यायो, "दाजुभाइ हो, मलाई कुटियो। यो अन्याय हो, अन्याय हो।"

यसरी जन्मियो चोरी, झूट र सजाय।

त्यसपछि सबैजना भेला भए र समाधान निकाले - हामीमध्ये कसैलाई खेतको साँधसीमा रेखदेख गर्ने जिम्मा लगाऔँ। ऊ बहादुर, बुद्धिमान र हामीप्रति बफादार हुनुपर्छ। काम गरेबापत हामी उसलाई आआफ्नो उब्जनीबाट ज्याला दिनेछौँ। उसले अपराधीहरूलाई दण्ड दिनेछ। उसले सही सत्यको रक्षा गर्नेछ र सबैको धनसम्पत्तिको हेरविचार गर्नेछ।

तिनीहरूले आफ्नै जमातबाट एकजनालाई निर्वाचित गरे र उसलाई आफ्नो अन्नबालीको छैटौं भाग तिर्न सबै राजी भए। त्यसैले राजालाई 'महासम्मत' अथवा 'बृहत् सहमति' भनिन्छ।"

पछि यो कथामा धेरै कुरा थपथाप भयो। तर, यसको हाराहारीमा आउने अर्को कुनै प्राचीन साहित्य छैन। कथाको सबैभन्दा रोचक पक्ष के भने यहाँ ईश्वरको उल्लेख छैन, न कुनै पारलौकिक सोच छ। राजालाई परम शक्तिसँग जोडिएको छैन बरु उसलाई जनताको सेवक भनिएको छ। एकखाले भौतिकवादी दृष्टि कथाभरि भेटिन्छ।

निजी सम्पत्ति र कृषिको विकाससँगै आदिम समाज हराउँदै गयो र त्यसको भग्नावशेषमा राजासहितको वर्गविभाजित समाज उदायो।

गण समाजहरूप्रति फस्टाउँदा राजतन्त्रहरूको अत्याचार चर्को थियो। जस्तो मगधराज अजातशत्रुले वज्जीगणको जरो उखेल्ने प्रण गरे। राजतन्त्रहरूले जनजाति समाजलाई सखाप पार्न प्रयोग गर्ने कुटिल राजनीतिको सूत्रपात गरे। बुद्धले गणका सदस्यहरूको एकतामा नै गणको शक्ति रहेको औंल्याउनुभयो। त्यो एकता भङ्ग गर्न गणका सदस्यहरूबिच ईर्ष्या, घृणा, अविश्वास र झगडाको बीउ रोप्न तथा गणको नयाँ पुस्ताको मन भाँड्न गुप्तचर, सुरा र सुन्दरीको प्रयोग गर्नुपर्छ भनी चाणक्यले आफ्नो नीति सूत्रबद्ध गरे। चाणक्यको समय बुद्धभन्दा दुई-सय वर्षपछिको हो। तर, उनले सुझाएका सूत्र धेरै पहिलेदेखि गण समाजविरुद्ध राजतन्त्रहरूले अपनाइरहेका थिए। चाणक्य नीतिमा अस्वाभाविक केही छैन। वर्ग समाजको सुरुआती अवधिमा निर्धामाथिको दमनलाई शासक वर्गले आज जस्तो मिठा नारा र आश्वासनले लुकाउनुपर्दैनथ्यो।

तत्कालीन समाजमा बौद्ध विचारको भूमिका कस्तो रह्यो ? थोरै चर्चा गरौँ।

परिवार र ईश्वरको अवधारणा निजी सम्पत्तिको उदयसँगै अघि बढेको थियो। यसको अर्थ आदिम समाजलाई ईश्वरको खाँचो थिएन। त्यहाँ वर्ग थिएन, सामाजिक अन्यायले मान्छे सताएको थिएन। त्यसैले पीडाहरण गर्ने ईश्वर पनि चाहिएको थिएन। ईश्वरमाथिको विश्वास तथा प्रार्थना गर्नु र केही न केही चढाउनु धर्मका विशेषता हुन्। समाज विकासको तल्लो खुड्किलोमा रहेका धेरै समुदायलाई ईश्वर, प्रार्थना र बलिदान थाहा हुन्न। सभ्य भनाउँदा जातिको पूर्वइतिहास खोतल्दै जाने हो भने त्यहाँ पनि यस्ता प्रथा पाइँदैनन्। पुरानो समाजबाट प्रेरणा लिएको बौद्ध शिक्षामा ईश्वरको कल्पना नहुनु स्वाभाविक छ।

धर्म प्रायः ईश्वर, प्रार्थना, बलिदान आदिबाट सुरु हुन्छन्। बुद्धले यसबारे कुरै गर्नुभएन। उहाँले दुःखको कुराबाट सुरु गर्नुभयो। संसारमा सर्वत्र दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ र दुःखबाट पार पाउने उपाय पनि छ। यिनै उपायलाई चार आर्य सत्य भनिन्छ। पहिलो सत्य भन्छ - जन्म, बुढ्यौली, रोगव्याधी, मृत्यु, मिलन, बिछोड, अपूरा आकाङ्क्षा दुःख हुन्। दोस्रो सत्य भन्छ - अस्तित्व, भोगविलास र सत्ताको तृष्णा वा कामना दुःखका कारण हुन्। तेस्रो सत्य भन्छ - तृष्णाको आगो निभाउन त्यसबाट अलग्गिनुपर्छ, तृष्णालाई मनमा आउनै दिनुहुन्न। चौथो सत्य भन्छ - आठ सम्यक (दृष्टि, सङ्कल्प, वचन, कर्म, आजीविका, व्यायाम, स्मृति र समाधि) मार्गको अभ्यासबाट

तृष्णाबाट पार पाउन सकिन्छ । बुद्ध शिक्षाको सार यही हो ।

बुद्धको चिन्तनको प्रारम्भिक बिन्दु 'दु:खको रजाइँ' थियो । बुद्ध किन दु:खको चिन्तनमा लाग्नुभयो ? उहाँले किन सर्वत्र दु:खसागर देख्नुभयो ? खासमा, वर्ग समाजको आरम्भमा नयाँ मूल्यमान्यता देखापरे । त्यो लुटपाट, धोकाधडी, शोषण र दमनको युग थियो । बौद्ध रचनामा बुद्धले अपाङ्ग, रोगी, लास र सन्तलाई देख्नुभएको कथाको बारम्बार चर्चा हुन्छ । यसको अर्थ बुद्धले प्रत्यक्ष अनुभवबाट ज्ञान हासिल गर्नुभएको थियो । उहाँले किसान, शिल्पी र दासलगायत पीडितहरूको क्रन्दन र सुस्केरा सुनेको हुनुपर्छ । व्यक्तिको अस्तित्व, भोगविलास र सत्ताको तृष्णालाई दु:खको कारण भनेबाट बुद्धले यी तृष्णालाई दैनिक जीवनमा देखेको हुनुपर्छ । ६००-४०० इपू.बिच शासकहरूको नारा नै 'कब्जा, कब्जा र केवल कब्जा' थियो । शासकहरू लुटपाटको धन थुपारेर थाक्दैनथे । वल्लो सागरदेखि पल्लो सागरसम्म जमिन कब्जा गर्दा पनि मोजमस्तीको तिनको भोक मेटिन्नथ्यो । सम्पत्तिको अनन्त भोकका कारण उनीहरू आपसमै जुध्थे । समाज निरन्तर लडाइँ र अस्थिरताले आजित थियो । शान्ति कतै थिएन । त्यसप्रकारको उथलपुथलबारे जर्मन दार्शनिक एङ्गेल्सको भनाइ यस्तो छ, "घिनलाग्दो स्वार्थ, छुचोपन, क्रूरता, लालच, सर्वसाधारणको धनमाथि मनलाग्दी लुटपाट जस्ता छुद्र स्वार्थले नयाँ, सभ्य समाज वा वर्ग समाजमा प्रवेश पाए । चोरी, बलात्कार, छलछाम र जालझेलले पुरानो, वर्गविहीन र कबिला समाजलाई उछिन्यो ।"

यसरी आदिम समाज छिन्नभिन्न भयो । पुराना गण, गोत्र र कबिलाहरू छिमेकी वा अर्को वर्गलाई दबाउने, शासक-शासितमा विभाजित समाजमा फेरिए । समाज धनी-गरिब, मालिक-दासमा बाँडियो । धनको लालचबिना यो विग्रह सम्भव थिएन । यसरी आदिम समाजको भग्नावशेषमाथि वर्ग समाज बन्दा सादा सदाचारको गौरव गर्ल्याम्मै ढल्यो ।

बौद्ध शिक्षाको तेस्रो र चौथो आर्य सत्यको अर्थ यहीनिर खुल्छ । बुद्धले पुरानो समाजबाट प्रेरणा लिएर सदाचारको गौरव फिर्ता ल्याउने प्रयास गर्नुभयो । उहाँले आठ मार्गको कुरा गर्नुभयो । बुद्धको जीवनकालमा यी मार्गलाई हेलाहोचो गरियो । (जातक कथामा यसका धेरै उदाहरण छन् ।) बुद्ध एकजनाले इतिहासको नियम उल्ट्याउन सक्ने कुरा पनि भएन । त्यसैले उहाँले आदिम समाजको भान दिने गरी आफ्नो सङ्गठनको खाका कोर्नुभयो । बौद्ध सङ्घ खासमा वर्ग समाजको परिधिभित्र एउटा वर्गविहीन समाजको अभ्यास थियो । वास्तविक जीवनमा गुमिसकेको समानता र धर्मको भाव बौद्ध सङ्घभित्र पाइयो । त्यसकारण, सुरुसुरुमा बुद्धको शिक्षा निकै सफल भयो ।

जर्मन दार्शनिक कार्ल मार्क्सले भन्नुभयो, "धार्मिक पीडा वास्तविक पीडाको अभिव्यक्ति हुनुका साथै त्यो पीडाविरुद्ध प्रतिरोध पनि हो । धर्म उत्पीडितजनको सुस्केरा हो, हृदयहीन जगतको हृदय हो, आत्माविहीन परिस्थितिको आत्मा हो । धर्म जनताको अफिम हो ।" बौद्ध ग्रन्थ 'थेरगाथा' मा सुनितको कथा यो भनाइसँग मेल खान्छ । सुनित निर्धन र नीच जातिका माली थिए । उनलाई समाजले हेलाहोचो गर्‍यो, दुत्कार्‍यो । उनले मगधको एउटा नगरमा बुद्धलाई भेटे । आफ्नो सारा दु:खको बोझ उनले बुद्धको चरणमा चढाएपछि बुद्धले उनलाई सङ्घमा ल्याई नारकीय जीवनबाट बाहिर निकाल्नुभयो । सुनित त सङ्घमा प्रवेश गरे तर सङ्घबाहिर बहुमत जनता 'पीडाको रजाइँ' मा छटपटाइरहे । बाहिर वर्ग समाजमा दु:खका कारकहरू ज्यूँका त्यूँ रहिरहे ।

बुद्धले शोषणकारी समाज व्यवस्थाले ल्याएका पतित मूल्यमान्यताविरुद्ध पुरानो समाजका सद्गुणलाई समावेश गरेर भिक्षु सङ्घ बनाउनुभयो । तर, उहाँ वर्ग समाजका कठोर वास्तविकलाई जरैबाट उखेल्ने दिशामा जान सक्नुभएन । जनताले जेविरुद्ध लड्नुपर्ने थियो, ती विषमताका लागि बुद्ध धर्म पीडा हर्ने बुटी मात्र बन्यो । त्यसैले शासकहरूले बुद्ध धर्मलाई राजधर्मसमेत बनाए । यद्यपि, बुद्धको शिक्षामा 'आदिम समाजका सम्झना र आकाङ्क्षा' तथा गौरव भने समाविष्ट भए ।

**स्रोत** :


१. देविप्रसाद चट्टोपाध्याय, सम प्रोब्लम्स अफ अर्ली बुद्धिज्म
२. राहुल सांकृत्यायन, बुद्धिस्ट डायलेक्टिक्स
३. मार्क्स-एँगेल्स, धर्मबारे
४. भिक्षु अमृतानन्द, बुद्धकालिन श्रावकहरू
५. राहुल सांकृत्यायन (अनु), दीघनिकाय
६. राहुल सांकृत्यायन (अनु), विनयपिटक
७. भिक्षु धर्मरत्न (अनु), थेरगाथा

## हार्दिक मङ्गलमय शुभकामना

२५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



रामगोपाल रंजित तथा
लक्ष्मी रंजित
पाण्डुबजार, सूर्यविनायक, भक्तपुर
मो.नं. ९८४१७२३६७६

यहाँ अर्डर अनुसार गोयका, ईहि पतासी, खाडा (गलवन्दि) पाउनुका साथै तयारी पनि पाइन्छ ।

## हार्दिक मङ्गलमय शुभकामना



२५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# श्री रत्न ज्यासः पसः

तौलाछेँ, भक्तपुर, मो.नं. ९८४१४७७१२२

*यहाँ अर्डर बमोजिमका सुनचाँदीका गरगहनाहरू बनाउनुका साथै विभिन्न राशीका पत्थरहरू पनि पाइन्छ ।*

## हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने शेयर सदस्य तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.

थालाछेँ, भक्तपुर-१०, फोन नं. ०१-६६१६५८०

## हार्दिक शुभकामना

२५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**इन्द्रायणी छापाखाना**

मिवाछेँ, भक्तपुर

*यहाँ छपाई सम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।*

"Fresh Food Fresh Mood"



NORTH ROOFTOP RESTAURANT



**Chandrayan Sweets**

Itachhen, Bhaktapur-1, 01-6610050

**Contact For**

Varieties of Sweets, Lunch Boxes for different kinds of ceremonies and programs.

## हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६९ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी अविभावक तथा शिक्षक शिक्षिकाहरूमा सु-स्वास्थ दीर्घायु तथा उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

**विद्यार्थी निकेतन माध्यामिक विद्यालय**

दरबार क्षेत्र भनपा-५, भक्तपुर

दिपानन्द बज्राचार्य
प्रोप्राईटर

**D.N. Tailors**

ईताछेँ, मिनिबस पार्क १, भक्तपुर
फोन नं.: ६६१३१६५ (पसल), ६६११८२२ (घर), मोबाईल: ९८५१० ९७९३५

मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्च स्तरिय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल तथा कलेजका ड्रेस कपडाहरु तथा तयारी शुटहरु उपलब्ध छ ।

**डि.एन टेलर्स**
**D.N. Tailors**



**Shirting Suting & Tailoring Centre**

बुद्ध संवत् २५६९ औँ बुद्ध जयन्तीको अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

**"क्रोधलाई मायाले जित; दुष्टतालाई सदाचारले जित; लोभलाई दानले जित; झूटलाई सत्यले जित।"**

— गौतम बुद्ध

## BAGISWORI SECONDARY SCHOOL

**Play group to Class 12**

**Class 11 & 12**
- Science
- Management
- Humanities
- Education

**TSLC** - Community School Based Technical Education

**Diploma in Civil Engineering**

**Class 9-12 : Civil Technical Education**

**Open School : Lower Secondary (6-8)- 2 year**
**Secondary (9-10)-1 year**



## BAGISWORI COLLEGE

### Bachelor Programs

- BBS
- BA
- BASW

### Master Programs

- MA (Sociology)
- MBS



## BAGISWORI COLLEGE OF MANAGEMENT

### Bachelor Program

- BBA



**BAGISWORI SECONDARY SCHOOL / COLLEGE/COLLEGE OF MANAGEMENT**

Chyamhasingh / Kamalvinayak, Bhaktapur Cont. No.: 016610270, 016620270, 016618319, 016620550

# भिक्षु अश्वघोष प्रति एक स्मृति

न्हुछेरत्न बुद्धाचार्य
भक्तपुर-१०

हिमशिखरको काखमा रहेको
यो ज्ञानभूमिका एक लगनशील भिक्षु
कर्तव्यनिष्ठ मिलनसार व्यक्तित्व भएका
यस पवित्रभूमिका एक चम्किलोतारा

बौद्धधर्ममा सातदशकभरि सेवा गरेर
सामाजिक परिवर्तनको लागि
सशक्त बौद्ध विद्वान कहलिएर
जनसेवामा नै आफ्नो जीवन अर्पण गर्ने

प्रतिभाशाली बौद्धभिक्षु अश्वघोष ।
तिम्रो लगनशीलता तिम्रो इमानदारीता
यो नव युगको आकाशमा प्रगतिशील भावनाको प्रतिक हो ।
तिमिले प्रस्तुत गर्नु भएका मानवधर्मका उपदेश


यो पुण्य भूमिमा उपासकहरूले सधै पालन गरिरहने छन् ।
तिम्रो सेवा ! तिम्रो तपस्या !
यो मातृभूमिको लागि एक पथ प्रर्दशक हुन
सदियौंदेखि अँध्यारोपथमा

ज्ञानको प्रज्ञा प्रज्वलित गरी मानव सेवा गरेर अमरत्व प्राप्त गऱ्यो ।
आज तिम्रो महान सेवा
हामी सधै सम्झि रहने छौं ।
यो शान्ति भूमिमा तिम्रो गुणगान गरिरहने छौ ।
जगतलाई सुन्दर शान्त पार्ने तिम्रो पथमा
भोलिका सन्ततिहरू अधिबढि रहने छन ।


# बौद्ध सम्बन्धी थाहापाई राख्नुपर्ने ज्ञान

न्हुछेरत्न बुद्धाचार्य
भक्तपुर-१०

१. प्राचीनकालीन बौद्ध शिक्षा बुद्धको उपदेश र बौद्ध दर्शनमा आधारित थियो ।
२. चारैतिर घर बनाएर बीच चोकमा चैत्यको निर्माण गरी बनाइएको घरलाई बिहार शैली भनिन्छ ।
३. रातो मच्छिन्द्रनाथको भोटो देखाउने प्रचलन वि.स. ८५० देखि भएको थियो ।
४. नेपालको सवभन्दा पुरानो मूर्ति विरूपाक्षको हो भने पुरानो मन्दिर स्वयम्भु नाथको हुन ।
५. भारतका प्रसिद्ध बौद्ध विद्वान डा. भीमराव अम्वेडकरले भारतको झण्डामा अशोक चक्र राख्न लगाएका थिए ।
६. गृह आश्राम त्यागी भिक्षु वनेका र बन्न लागेका बौद्ध धर्मालम्वी आफ्ना प्रजालाई सिद्धिनर्सिंह मल्लले ६८ वटा बहाल बनाइ राख्न लगाएका थिए ।
७. काठमाडौंको बौद्धका चार स्तुप राजा मानदेवको पालामा निर्माण भएको थियो ।
८. लुम्विनीलाई सन १९९७ देखि विश्व सम्पदा सूचीमा समावेस गरीएको थियो ।
९. स्वयम्भुका निर्मल शान्त दुई आँखाले निर्मल ज्ञान र करुणा जनाउन्छ ।
१०. विश्व बौद्ध संघको प्रधान कार्यालय बैङ्ककमा छन् ।
११. पौराणिक कालमा मुगालाई प्रवलमणी भनिन्थ्यो भने हिरालाई बज्रमणि भनिन्थ्यो
१२. भारतका सम्राट अशोक चौधौं किराँती राजा स्थुकोको पालामा नेपालमा आएका थिए ।
१३. चीन जाने पहिलो नेपाली भिक्षु बुद्ध भद्र थिए ।
१४. नेपालको सबैभन्द पुरानो हस्तलिखित ग्रन्थ प्रज्ञापारमिता हुन
१५. प्रथम अन्तराष्ट्रिय बौद्ध हिन्दु सम्मेलन २०५५ मंसिर ३ देखि ५ गतेसम्म लुम्बिनीमा भएको थियो ।
१६. नेपाल उपत्यकामा आउने प्रथम बुद्ध विपश्वी बुद्ध थिए ।
१७. बौद्ध धर्मालम्बीहरू गुरु पुर्णीमालाई धर्मचक्र प्रवर्तक दिवसको रुपमा मनाइन्छ ।
१८. चार बौद्ध तिर्थस्थानहरू :
१. लुम्बिनी २. सारनाथ ३. बुद्धगया ४. कुशीनगर
१९. नेपाली भाषामा प्रथम आचार्य गरेका भिक्षु अमृतानन्द पास हुन ।
२०. लुम्बिनी गुरु योजनाको डिजाइनर प्रो. केजी रांगे हुन् ।
२१. जति सुकै प्रयास गरे पनि सूर्य चन्द्रमा र सत्यलाई कहिल्यै छोप्न सकिन्न 'गौतमबुद्ध'


हार्दिक शुभकामना
बुद्ध संवत् २५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्षमा
सम्पूर्ण विद्यार्थी, शिक्षक तथा अविभावक वर्गहरुमा
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।
Facilities :
Well Equipped Computer Lab
Library facility
Science/Math Laboratory
Auditorium
Audio-Visual Room
Playground
School under CCTV survlliance
गणेश माध्यमिक विद्यालय परिवार
भार्वाचो-१, भक्तपुर, फोन नं. ०१-६६१४५१२


हार्दिक शुभकामना
बुद्ध संवत् २५६९ औं बुद्ध जयन्तीको शुभ उपलक्षमा सम्पूर्ण
विद्यार्थी, शिक्षक तथा अविभावक वर्गहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछ ।
आदर्श आजाद
माध्यमिक विद्यालय
Adarsha Azad Secondary School
01-6610580
ADARSHA AZAD COLLEGE
Estd. 2063
Bhaktapur, Nepal
आदर्श आजाद कलेज
Adarsha Azad College
01-6610580


हार्दिक शुभकामना
२५६९ औं बुद्ध जयन्तीको शुभ
उपलक्षमा विद्यार्थी, अविभावक तथा
सम्पूर्ण शिक्षक शिक्षिकाहरुमा अन्याय
सहन नसक्ने क्षमता बढोस भन्ने
कामना व्यक्त गर्दछ ।
बाल विकास सेकेण्डरी स्कूल
लिबाली, भक्तपुर
फोन नं. ०१-५१२२२२३, ५१२२०८९